वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ३ अङ्क ४४ पूर्णाङ्क १४२ २०७६ वैशाख ३० गते सोमबार Monday, 13 May, 2019 पृष्ठ ८ मूल्य रु. १०।-

## विप्लव नेकपाका व्यूरो सदस्य क्रान्तिकारी माओवादीमा प्रवेश

प्युठान । नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेपाल कम्युनिस्ट पार्टीका व्यूरो सदस्य परिवर्तनले नेकपा परित्याग गरी नेकपा क्रान्तिकारी माओवादीमा प्रवेश गरेका छन् । मोहन वैद्य किरण नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) प्रदेश नम्बर पाँचको बैठक समापन कार्यक्रममा उनले पार्टी प्रवेश गरेका हुन् । विप्लव नेतृत्वको नेकपामा आन्तरिक जनवादको प्रयोग ठीक ढंगले नभएको, राजनैतिक, वैचारिक विषयमा छलफल हुन नसकेपछि पार्टी छाड्नु परेको उनले पार्टी प्रवेश कार्यक्रममा बताएका थिए । उनलाई क्रान्तिकारी माओवादीका प्रदेश ५ का सेक्रेटरी प्रेम सुवेदी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको प्रदेश पाँचका अध्यक्ष केबी गुरुङ लगायतले टिका लगाएर पार्टी प्रवेश गराएका थिए । प्रदेशमा ...बाँकी ४ पेजमा

# ओली सरकारको फासीवादविरूद्ध सडक संघर्ष




● **वर्गदृष्टि संवाददाता**

ओली सरकारको फासीवादीकरण र माफियाकरणका विरुद्धमा नेकपा (क्रान्तिकारी माओवादी), नेकपा, नेकपा (विप्लव), नेकपा (माओवादी केन्द्र) र देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल गरी पाँच पार्टीहरूले शुक्रवार रत्नपार्कस्थित शान्तिबाटिकामा एक संयुक्त विरोधसभा भव्य रूपमा सम्पन्न गरे । कार्यक्रममा आयोजक पार्टीका नेताहरूले ओली सरकारको दलालीकरण, फासीवादीकरण र माफियाकरणको विरुद्धमा तथा देश र जनताका पक्षमा सम्बोधन गरेका थिए । सबै नेताहरूको सम्बोधनको सार अब ओली सरकारको फासीवादीकरणका विरुद्धमा सडक संघर्ष एक मात्र विकल्प रहेको भन्ने रहेको थियो । देशमा ओली सरकारको फासीवादीकरण विरुद्ध जनतामा आएको चर्को असन्तुष्टिका माझ आयोजित उक्त विरोधसभामा वामपन्थी, देशभक्त, प्रगतिशील तथा अग्रगामी शक्तिलाई सडक संघर्षको एउटा साझा मोर्चा निर्माण गरेर एक ठाउँमा आउनसमेत आह्वान गरिएको थियो ।

विरोध कार्यक्रमलाई सम्बोधन गर्दै देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेलले ओली सरकारको निर्माण नै नेपालबाट वामपन्थीहरूलाई सखाप पार्ने उद्देश्यले बनाइएको बताएका थिए । ओली–दाहालको वाम नामको गठबन्धन र चुनाव यसरी नै प्रायोजित रूपमा गरिएको खुलासा गर्दै गजुरेलले 'होली वाइन' खाएर बिटुलिने ओली सरकार देश र जनताको नभएको बताए । बहुमतको दम्भ र बलमा जे गर्दा पनि हुन्छ भन्ने मान्यता राख्ने र देश र जनताका विरुद्धमा जे गर्न पनि तयार हुने ओली सरकारसँग अब जनतालाई ढाँट्नका लागि चारो पनि बाँकी नरहेको कुरामा जोड दिएका थिए । देशमा अहिले मजदुर पनि आन्दोलित रहेको, किसानहरू पनि विरोधमा ...बाँकी ४ पेजमा

## 'यो सरकार जनविरोधी सरकार हो'



सुनसरी । नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन बैद्य किरणले केपी ओली शर्मा नेतृत्वको वर्तमान सरकारलाई जनविरोधी सरकारको संज्ञा दिएका छन् । महासचिव किरणले सरकारले हालै ल्याएको नीति तथा कार्यक्रमलाई 'हात्तिको देखाउने दाँतको संज्ञा दिँदै समृद्ध नेपाल, सुखी नेपाली भन्दै जनतामा भ्रमको राजनीति गरिरहेको बताए । शनिबार धरानको सैनिक ...बाँकी ४ पेजमा

## 'प्रेस विरोधी सबै कानुनहरू खारेज गर'



दाङ । क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउतले सरकारले हालै ल्याएको मिडिया काउन्सील विधेयक लगायत स्वतन्त्र प्रेस विरोधी सबै कानुनहरू खारेज गर्न जोडदार माग गरेका छन् । महासंघको ५ नं. प्रदेशको भेलाको उद्घाटन गर्दै अध्यक्ष राउतले यस्तो माग गरेका हुन् । दाङको भालुवाङमा भएको भेलालाई सम्बोधन गर्दै अध्यक्ष राउतले यस्तो बताएका हुन् । ओली सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रालाई कुण्ठित पार्ने गरी अपराध संहिता, साइबर कानुन, विज्ञापन ऐनलगायतका आधा दर्जनभन्दा बढी प्रेस विरोधी कानुनहरू ल्याएको भन्दै त्यस्ता ऐनहरूले पञ्चायती कालरात्रीको झल्को दिन थालेको अध्यक्ष राउतले बताए ।

सके प्रेस तथा पत्रकारलाई सत्ताको दलाल बनाउने नसके पेशाबाटै बेदखल गर्ने गरी कानुन तथा संहिताहरू ल्याइएको भन्दै प्रेसविरोधी सरकारको रवैयाको कडा विरोध समेत गरे । उनले सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी कानुनहरू तत्काल खारेज नगरिए संगठन संयुक्त तथा एकल रूपमा आन्दोलनमा उत्रने र आन्दोलनको दबाबविना उक्त ऐनहरू खारेज नहुने पनि बताए । उनले आन्दोलनका लागि नेपाल पत्रकार महासंघलाई अगुवाई गर्न आव्हान गर्दै सबै सरोकारवाला संघ संगठन तथा ...बाँकी ४ पेजमा

## नेवाः मोर्चाको ३ नं. प्रदेशको भेला सम्पन्न



ललितपुर । नेवाः राष्ट्रिय मुक्ति मोर्चा नेपाल ३ नं प्रदेशको भेला मोर्चाको केन्द्रीय कार्यालय ललितपुरको कुपण्डोलमा सम्पन्न भएको छ । शनिबार सम्पन्न भेलाले दुई सदस्य पछि थप्ने गरी शिव श्रेष्ठको संयोजकत्वमा ३१ सदस्यीय प्रदेश कमिटि निर्माण गरेको छ । भेलाले उक्त कमिटिका सदस्यहरूमा श्रीकृष्ण सुलु, चुडामणि श्रेष्ठ, नमस्ते सायमी, जगदीश्वर महर्जन, कृष्णप्रसाद घेमसु, रत्न महर्जन, गोपालदास श्रेष्ठ, भागवत प्रधान, बोजराज श्रेष्ठ, ज्ञानेन्द्र प्रजापति, अजय बज्राचार्य, उमेश श्रेष्ठ, गंगा मानान्धर, नगेन्द्र महर्जन, नरेन्द्र श्रेष्ठ, निरन तुलाधार, राजकुमार देउला, राजु लोहला, प्रवीण त्वान्जु, सौरभ कायष्ठ, तिलक श्रेष्ठ, रमेश श्रेष्ठ, सुमन श्रेष्ठ, राजन श्रेष्ठ लगायत रहेका छन् ।

गोर्की श्रेष्ठको अध्यक्षतामा सम्पन्न भेलामा मोर्चाका केन्द्रीय अध्यक्ष पवनमान श्रेष्ठ, उपाध्यक्षद्वय सुरेश श्रेष्ठ र गणेश खड्गी, महासचिव शिव श्रेष्ठ लगायतका नेताहरूको उपस्थिति रहेको थियो । आउँदो जेठ ९ र १० गते हुन गइरहेको मोर्चाको चौथो राष्ट्रिय भेलाको महत्व र तयारीका बारेमा तथा मोर्चाको २१ औं स्थापना दिवसको विषयमा मोर्चाका अध्यक्ष श्रेष्ठले प्रकाश पारेका थिए ।

भेलाको अन्तमा नवनिर्वाचित टिमलाई मोर्चाका उपाध्यक्ष सुरेश श्रेष्ठले बधाई तथा शुभकामना मन्तव्य राखेका थिए भने नवनिर्वाचित प्रदेश संयोजक शिव श्रेष्ठले प्रतिबद्धता मन्तव्य राखेका थिए ।

## मार्क्सको द्विशतवार्षिकीमा विचार गोष्ठी सम्पन्न



काठमाडौं । नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) ले मार्क्सवादको वैज्ञानिकता र क्रान्तिको ऐतिहासिक कार्यभार विषयक विचार गोष्ठी आइतवार इच्छुक सांस्कृतिक प्रतिष्ठानको हलमा भव्य रूपमा सम्पन्न गरेको छ । विचार गोष्ठी कार्यक्रममा नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य 'किरण'ले पेस गरेको ४ पृष्ठ लामो १७ बुँदे कार्यपत्र पेस गरेपछि त्यसमाथि उपस्थित अतिथिहरूबाट टिप्पणी सुझाव दिइएको थियो ।आफ्नो कार्यपत्र प्रस्तुत गर्नु अघि किरणले यो विचार गोष्ठी कार्ल मार्क्सको द्विशतवार्षिकीका अवसरमा गरिएको कुरामाथि प्रकाश पार्दै यो कार्यपत्र त केवल उपसंहार जस्तो मात्र भएको बताएका थिए । नेपालमा कम्युनिष्ट पार्टीहरू विभिन्न धाराहरूमा विभाजित भएका र ती धाराहरूमध्ये मध्यपन्थी विचारधार केवल छोटो समयमात्र देखिने र मूलतः दक्षिणपन्थी तथा क्रान्तिकारी धारा नै लामो समयसम्म रहने गरेको कुरामा जोड दिएका थिए ।नेपालको हालको सन्दर्भमा दक्षिणपन्थी भनिएकाहरू त एकजुट भइसकेका छन् । तर हामी क्रान्तिकारीहरू भने अझै पनि विभिन्न धारामा विभाजित रही नै राख्यौं । कार्यगत तथा पार्टी एकताका लागि पनि खुलेर बहस चलाउनुपर्ने अवस्था आइसकेको कुरामा ...बाँकी ४ पेजमा

## भाँडिदै कांग्रेसी जागरण अभियान

काठमाडौं । सत्ता पक्षको बल मिचाइँका कारण देशको शासन प्रणालीाथि नै समस्या आएको भन्दै देशव्यापी जनजागरण अभियानमा जुट्न थालेको नेपाली कांग्रेस आफ्नै आन्तरिक विवादका कारण गुटहरूबीच झडपमा उत्रिएको छ । प्रतिपक्षको भूमिका निर्वाह गर्न नसकेको आरोप खेपिरहेका बेला कांग्रेस आफैमा आन्तरिक भिडन्तमा उत्रनु जनताका लागि आश्चर्यको खेती जस्तो हुन पुगेको छ । जागरणका लागि मञ्चमा उपस्थित नेता तथा कार्यकर्ता नै मारपीटमा उत्रिन थालेपछि यसले अघि बढाउने भनेको जनजागरण अभियान बीचैमा तुहिने संकेत देखिएको छ ।

अभियानको सुरुआतमै सिन्धुपाल्चोकका कांग्रेसका कार्यकर्ताबीच कुटाकुट र नेताहरूबीच मञ्चमा नै भनाभन भएको छ । हात हालाहाल हुँदा एक जना कार्यकर्ता घाइते भएपछि स्थिति अझै तनावग्रस्त भएको थियो ।

दुई खेमामा बाँडिएका कार्यकर्ताहरू सभापति शेरबहादुर देउवा पक्षधर र वरिष्ठ नेता रामचन्द्र पौडेल पक्षधर रहेको बताइएको छ । कांग्रेसी विवाद केन्द्रदेखि स्थानीय तहसम्म भइरहेको र कार्यकर्ता पनि एकापसमा विभाजित हुन गएकाले देशभर देउवा र पौडेलका आआफ्ना समानान्तर समितिहरू रहेका छन् ।

यी समानान्तर समितिका नेता तथा कार्यकर्ताका बीचमा हुन जाने सानो पनि विवादले कार्यकर्ताबीच गम्भीर खालका झडपहरू निम्त्याइरहेको छ । सिन्धुपाल्चोकमा जागरण अभियान मञ्चमा नै कुटाकुट हुँदा तरुण दल सिन्धुपाल्चोक एक नम्बर ...बाँकी ४ पेजमा

# विचार र प्रविधिको लडाइँ

● क. अटल ●

**हामीले अहिले प्रयोग गरेको प्रविधि विकसित देशहरूले १०० वर्ष पहिले नै गरिरहेका थिए । त्यसले त क्रान्तिलाई रोकेन, बरू १९४५ देखि १९५९सम्म संसारको एकतिहाई भूभागमा क्रान्ति भएको थियो । अहिले सूचना र सञ्चारमा आएको अभूतपूर्व परिवर्तनले क्रान्तिलाई झनै नजिक्याएको छ**

प्रविधि र विचारमा कुन ठूलो हो भन्ने कुरा उत्पादन शक्ति र उत्पादन सम्बन्धमा कुन ठूलो हो भन्ने लडाइँ जस्तै हो । साधन र साध्यको लडाइँमा जहिले पनि साध्य प्रमुख हुन्छ । साधनका त हजारौं विकल्पहरू छन् । प्रविधिको विकास नभएको बेलामा मानव श्रमका साधनद्वारा इजिप्टको झुल्ने बगैचा, चिनियाँ पर्खालदेखि संसारका सात आश्चर्य, क्रेन, जेसीवी, एक्स्क्याभ्याटर, लोडर, डोजर, बुल्डोजरको विकास नभइसकेको अवस्थामा बनेका हुन् । नेपालको पहिलो राजमार्ग त्रिभुवन राजपथ प्रविधिभन्दा मानवका दश नंग्रा खियाएर, हातले खोतलेर, बनाइएको हो ।

अहिले नेपाली कम्युनिष्ट आन्दोलनको बजारमा विचार, सिद्धान्त, दर्शन र राजनीतिभन्दा प्रविधि र 'एप' नै मुख्य भएको प्रविधिवादी तर्कले फेरि टाउको उठाउन थालेको छ । समाजको चालक शक्ति वर्ग संघर्ष हो भन्ने मालेमावादको गुदी कुरालाई उल्ट्याउन धेरै ...बाँकी ७ पेजमा

## सम्पादकीय

# फासीवादविरुद्ध सञ्चार जगत

नेपालको समग्र सञ्चार जगतमाथि राज्यको अंकुश लगाउने अन्तिम प्रयत्नमा नेकपाको ओली सरकार लागि परेको छ। डेमोकल्सको शीरमाथि झुण्डिएको तरवारका रूपमा कानून निर्माणमा गरी सञ्चार जगतको जिभ्रो थुत्ने कार्यमा ओली सरकार अग्रसर भएको छ। पत्रकार र पत्रकारितामाथि निर्मम अंकुश लगाउने उद्देश्यका साथ मिडिया काउन्सिलसम्बन्धी विधेयक संसदमा दर्ता भएको छ। छलफलका लागि भनी दर्ता गरिएको यो विधेयक निरंकुश तथा सञ्चार विरोधी रहेको छ। मन्त्रिपरिषद्बाट पारित भई संसदमा दर्ता भएको सो विधेयकमा मिडिया काउन्सिललाई अर्धन्यायिक निकायको अधिकार दिलाउने र पत्रकारलाई कडा कारबाहीको प्रक्रियाभित्र ल्याउने भनी प्रस्ताव गरिएको छ।

प्रस्तावित मस्यौदा श्रमजीवी पत्रकारको पूरै हकहितविरुद्धमा हुनुका साथै दण्ड जरिवानाको कडा व्यवस्था पनि गरिएको छ। यसमा तोकिएको जरिमानाको क्राइटेरियालाई हेर्दा एउटा पत्रकारले एक महिनामा एउटा मात्र पनि गल्ती गर्‍यो भनेर आरोप लगाई न्यूनतम् जारिवाना गरे पनि पच्चीस हजार रूपैयाँ पर्ने छ। यो भनेको नेपालमा कार्यरत एउटा वरिष्ठ पत्रकारको एक महिनाको मासिक तलव जति हो। वर्षमा जम्माजम्मी १२ वटा मात्र आरोप दर्ताभएर जरिवाना लिइए पनि पत्रकारले पूरै एक वर्षको तलव नयाँ राज्यको रूपमा उदाउन थालेको काउन्सिलको कोषमा जम्मा गर्नुपर्ने हुनजाने छ।

त्यस अतिरिक्त गंभीर खालको भनेर आरोप लगाइयो भने दश लाखसम्मको जरिवाना गर्नसक्ने अधिकार काउन्सिलको स्वविवेकमा दिने प्रस्तावित मस्यौदामा उल्लेख गरिएको छ। यो भनेको पत्रकारलाई आजीवन कारावासको सजाय भने जस्तै हो। अथवा, सर्वस्वहरण जस्तै हो। ओली सरकारको फासीवादी रुझान र जनताको विकास नभए विद्रोहको चेतका बीचमा ठूलो खाडल देखा परेको छ। माफिया, तस्करी, भ्रष्टाचार र बिचौलियामैत्री ओली सरकार सबैभन्दा बढी त सामाजिक सञ्जालबाट अत्तालिएको छ। सामाजिक सञ्जालमा आमजनताले टीकाटिप्पणी गर्न थालेपछि ओलीको फासीवादोन्मुख सोच र क्रियाकलाप जनस्तरमा नै नांगेझार हुन पुगेको छ।

त्यसपछि ओलीको फासीवादको विरोध सबैभन्दा बढी स्वरोजगारमुखी साप्ताहिक तथा मासिक म्यागजिनलगायतका पत्रपत्रिकाहरूमार्फत् हुने गरेको छ। यसका लागि प्रेस काउन्सिलमा पहिल्यै कानुन निर्माण गरेर यी स्वरोजगारमुखी पत्रपत्रिकाको हातगोडा बाँधेर बन्धक बनाइसकेको छ। यसका साथै पत्रकारहरूलाई समाचार लेखेकै भरमा, खोजी र अनुसन्धान बिना नै कार्यकक्षबाटै हातमा हत्कडी लगाएर हिसातमा लिने र यातना दिने गरिरहेको छ। यसको पनि सर्बत्र निन्दा र भर्त्सना गरिएको छ।


हाल संसदमा प्रस्तुत मस्यौदाको बारेमा सरोकारवाला कुनै पनि पक्षसँग छलफल भएको छैन। र, सरोकारवालाहरूले पनि मन्त्रीमण्डलबाट पारित भएर संसदमा दर्ता गरेपछि मात्र सोको बारेमा सामान्य जानकारी मात्र पाएका छन्। कुनै सरसल्लाह र सहमतिविना संसदमा छलफलमा ल्याइएको यो विधेयक सारमा स्वतन्त्र प्रेसमाथि अंकुश लगाउने निरंकुश सरकारी हर्कत नै हो। सरोकारवालाहरू यसका बारेमा निकै चिन्तित छन् र सडकमा उत्रने कार्यक्रम अघि सार्न थालेका छन्।

आखिर जनतालाई सुखी बनाउने र देशलाई समृद्ध बनाउने कम्युनिष्ट भनिएको ओली सरकारले चारैतिर निरंकुश कदमहरू किन चालिरहेको छ ? यसको खोजीमा मात्र सञ्चार जगतमाथि लगाउन खोजिएको अंकुशको कारण पत्ता लाग्न सक्छ। ओली सरकारले चालेका फासीवादी कदमहरूको एकएक विश्लेषण जरुरी छ। देशमा समाजवाद निर्माणको ध्वाँस देखाएर फासिवादीकरणतिर कसले धकेल्दै छ ? के स्वार्थले धकेल्दैछ र कोको छन् त्यो डिजाइनमा भन्ने कुरा जान्न जरुरी छ। यी सबै कुराहरू एउटै डिजाइनमा गुत्थिएर आएका विकास हुँदै गएका छन्।

विदेशीको शक्तिको स्वार्थमा हुनथालेका यी सबै हर्कतहरू देशभक्तिको भावना निमोठ्ने, अग्रगमन र प्रगतिको बाटो छेक्ने, रूपान्तरण र परिवर्तनको खिल्ली उडाउने तथा विदेशीको निर्देशनमा देशको संवेदनशील भूराजनीतिक अवस्थितिलाई दुरूपयोग गर्ने उद्देश्यबाट प्रेरित र सञ्चालित छ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ।
www.moolbato.com

# राष्ट्रघात र जनघातमा बाँचेको ओली सरकार



● हकुमबहादुर सिंह ●

यो हप्ता देशमा दुईवटा गम्भीर प्रकृतिका घटनाहरूलाई नेपाली सञ्चार माध्यमले बाहिर ल्याए। प्रथम जनघातसित जोडिएको सवाल हो, जसमा सरकारकै एउटा मुख्यालय भएको बालुवाटारको जमिन भूमाफियाहरूले कब्जा गरेर विक्रिवितरणको घटना र साथै काठमाण्डौ महानगरपालिकाको मिलोमतोमा स्वच्छन्द बिकोई बिल्डर्सले सहिद मञ्च (खुलामञ्च) कब्जा गरेर त्यस स्थानमा ५२वटा सटर बनाएर भाडामा लगाउँदै आएको समाचार, दोस्रो राष्ट्रघातसित जोडिएको सवाल हो। यसमा वीरगञ्ज जिल्ला प्रशासन कार्यालयमा नेपाली नागरिकता लिनका लागि भारतीयहरूको विशाल घुइचो। यद्यपि राष्ट्रघात र जनघात एक आपसमा जोडिएका सवाल हुन् र यीनलाई बेग्ला बेग्लै हेर्नु नेपालको वर्तमान सन्दर्भमा मार्क्सवाद सम्मत हुँदैन।

यी दुवै घटना ओली सरकारका मन्त्री, उनकै पार्टीका उच्च तहका नेताहरूको निर्देशन र संलग्नतामा भएको छ भन्ने प्रमाणहरू पनि बाहिर आएका छन्। यो भन्दा अझ ठूला-ठूला राष्ट्रघात र जनघातका समाचारहरू बाहिर आउनै बाँकी छन्। यो सरकार यस्तै अनगिन्ति राष्ट्रघात र जनघातका योजनाहरू सिरान लगाएर सुतिरहेको छ। र यी सबलाई तोडेर स्वतन्त्र र स्वाभिमानी नेपाल र नेपालीको लागि जनविद्रोहको विकल्प छैन। जनता सडकमा ओर्लिएर मात्रै सबैखाले जनघात र राष्ट्रघातलाई रोक्न सकिने छ।

यसै सन्दर्भमा नेकपा(क्रान्तिकारी माओवादी)को क्रान्तिकारी संयुक्त मोर्चा-देशभक्त जनगणतान्त्रिक मोर्चा (देजमो)ले ओली सरकार कम्युनिस्ट सरकार नभई भूमाफियाहरू, बिचौलियाहरू, दलालहरू, भ्रष्ट ठेकेदारहरू, वैदेशिक दलालहरू, भारतीय एकाधिकार पुँजीवादीहरूका लागि कामगर्ने दलालहरू र मानवअधिकार विरोधीहरूको जमघट भएको सरकार हो र यसका विरुद्ध विद्रोहको आंधीबेहरी सिर्जनागर्ने नेपाली जनतालाई आह्वान गरेको छ।

भरखरै उसले काठमाण्डौंको खुलामञ्च अतिक्रमण भएको थप जानकारीबारे वक्तव्य निकाल्दै देजमोका अध्यक्ष सीपी गजुरेलले भनेका छन्- सहीद मञ्च मुक्त गरौं"। देजमोको उक्त बक्तब्यमा भनिएको छ- "केपी ओली सरकारले १४ महिना पूरा भएको खुशियाली मनाइरहेको बेला सरकारमा भएका कमिसनखोरहरूसंगको मिलोमतोमा भूमाफियाहरूले सरकारकै एउटा मुख्यालय भएको बालुवाटारको जमिन कब्जा गरेको घटनाले हामीलाई स्तब्ध पारेको छ। यो घटनाको चर्चा नसेलाउदै काठमाण्डौ महानगरपालिकाको मिलोमतोमा स्वच्छन्द बिकोई बिल्डर्सले सहिद मञ्च (खुलामञ्च) कब्जा गरेर त्यस स्थानमा ५२वटा सटर बनाएर भाडामा लगाउदै छ भन्ने समाचारले नेपाली जनतालाई उद्वेलित बनाएको छ सहिद मञ्च जनताले आफ्ना अभिव्यक्ति सार्वजनिक गर्ने ठाउँ हो।

**विष्णु पौडेल जसले भूमाफियाहरू, विचौलियाहरूसित मिलेर प्रधानमन्त्री क्वाटर र प्रधान न्यायाधीश क्वार्टरभित्र आफ्नो व्यक्तिगत जमिन उनका छोराका नाममा कायम गरेका छन्**

यसमाथि धावा बोल्ने काम केवल जनताको सम्पत्तिमाथि अतिक्रमण मात्रै होइन, यो जनताको अधिकारमाथिको अतिक्रमण पनि हो। यो हाम्रो लागि सह्य हुन सक्दैन। त्यसैले, हामी माहानगरपालिका र ओली सरकार दुबैलाई के चेतावनी दिन चाहन्छौं भने सहिद मञ्च यही बैशाख महिनाभित्र खाली गरियोस् र जनताको जिम्मा दिइयोस्। यदि त्यसो गरिएन भने जनता आफैले प्रत्यक्ष कारवाहीद्वारा मुक्त गर्न बाध्य हुने छन्।

यसको निम्ति हाम्रो संगठन अग्रपंक्तिमा रहेर संघर्ष गर्न तयार रहने कुरा पनि स्पष्ट पार्न चाहन्छौ। काठमाण्डौंको खुलामञ्च अतिक्रमण भएको थप जानकारी आएकोबारे वक्तव्य निकाल्दै देजमोका अध्यक्ष सीपी गजुरेलले भनेका छन- "सहीद मञ्च मुक्त गरौं "।

जब ओली र प्रचण्डले वामपन्थी गठवन्धन गरेर निर्वाचनमा गए, त्यसलाई नेकपा (क्रान्तिकारी माओवादी) ले यो वामपन्थी गठवन्धन नै होइन र यसबाट निर्वाचित सरकारले वामपन्थीको चरित्र देखाउन सक्दैन, उसको काम देशभित्र र बाहिरका प्रतिक्रियावादीहरूको इशारामा नेपालका गरीब किसान, सुकुम्वासी, महिला, दलित, अल्पसंख्यक जाति जनजाति, आदिवासीआदिमाथि दमन र उत्पीडन गर्ने हो।

त्यसकारण यो वामपन्थी खोलभित्र लुकेको प्रतिक्रियावदी रूप हो भनेर भनेको थियो। नेकपा (क्रान्तिकारी माओवादी) ले यसो भनिरहंदा नेपाली जनता उसको सही रूपलाई पहिचना गर्न असमर्थ भए, परिणाम ओली-प्रचण्ड बहुमतको सरकार बनाउन सफल भए। आजसम्मका हरेक घटनाक्रमहरूले के देखाएको छ भने यो सरकार विगतको नेपाली कांग्रेस सरकारभन्दा पनि राष्ट्रघाती तथा जनघाती सरकार हो, यो भूमाफियाहरू, विचौलियाहरू, दलालहरू, भ्रष्ट ठेकेदारहरू, वैदेशिक दलालहरू, भारतीय एकाधिकार पुँजीवादीहरूका लागि कामगर्ने दलालहरू र मानवअधिकार विरोधीहरूको जमघट भएको सरकार हो भन्ने पुष्टि गरेको छ।

देशभित्र यसले नेपालको जल, जमिन, र जंगल सबै भ्रष्ट भूमाफियाहरू, विचौलियाहरूसित मिलेर चक्लाबन्दी गर्दैछ र जसको नेतृत्व स्वयम् प्रधानमन्त्री केपीओलीका मन्त्रीहरूले र पार्टीका महासचिव बिष्णु पौडेलले गरिरहेका रहेछन् भन्ने प्रमाणहरू बाहिर आएका छन्। विष्णु पौडेल जसले भूमाफियाहरू, विचौलियाहरूसित मिलेर प्रधानमन्त्री क्वाटर र प्रधान न्यायाधीश क्वार्टरभित्र आफ्नो व्यक्तिगत जमिन उनका छोराका नाममा कायम गरेका छन्। अहिले पत्रपत्रिकाबाट यो बाहिर आएपछि उनको समर्थन र वचाउमा ओलीका मन्त्रीहरू नाङ्गै भएर लागेका छन्। तर उनीहरूले के बुझ्न आवश्यक छ भने जनताको विद्रोहले उनीहरूका सबै झुट र लुटमा आधारित सपनाहरूलाई चकनाचुर पार्ने छन्।

ओली सरकार कम्युनिस्ट सरकार नै होइन, यो त दलाल तथा नोकरशाहहरूको सरकार हो, यद्यपि नेपाली जनताबाट कम्युनिस्टको नाममा जनमत प्राप्त गर्न सफल भएको छ भनेर नेकपा (क्रान्तिकारी माओवादी) ले भन्दै आएको हो। अहिले पनि देजमोको माथि उल्लेखित वक्तब्यमा आह्वान गरे जस्तै नभन्दै काठमाण्डौका जनता ...बाँकी ७ पेजमा

झर्रोटर्रो kailubraha73@gmail.com कैलुब्राह

# बडामहारानीको उदय



नेपाल मण्डलमा यतिखेर पुँजीवादी 'राजतन्तर'को उदय भएको छ। खासमा राजतन्तर भनेको त सामन्तवाद नै हो केरे। सामन्तवादी राजतन्तरमा राजाको छोरो राजा हुने भएकाले यो बंसजको आधारमा रहेको हुन्छ। तर ऐले नेपाल मण्डलमा पुँजीवाद आइसकेको हुनाले र गनतन्तर पनि भएको हुनाले यस्तो व्यवस्थामा हुने राजतन्तरलाई पुँजीवादी गनराजतन्तर भनिन्छ। यो नेपाल मण्डलबाट पहिलो पटक आविष्कार भई प्रयोगमा समेत सिद्ध भएर आएको छ।

यसमा बंसजको उत्तरअधिकारी हुँदैन। यस्तो राजतन्तरमा भाले या पोथी जाती मध्य जो पनि राजा हुन पाउँछ। शनैः शनैः यो गनराजतन्तरले पनि सामन्तवादी बंसजको राजतन्तरले प्रयोग गर्ने राजसी भाषा, संस्कृति, रतिरिवाजा, धर्म परम्पराको बिँडो थाम्दै अघि बढ्ने सुरसार कसिरहेको छ।

यो पिर्थिवीलोकका अरू मण्डलमा राजतन्तर हटेर गनतन्तर, पर्जातन्तर वा आधुनिक भाषामा लोकतन्तर आएको तीन चार सय बर्ख वितिसकेको छ। केही मण्डलमा अझै पनि राजतन्तर कायमै रहेको छ। नेपाल मण्डलमा पनि राजतन्तर अस्ति भर्खरसम्म ज्युँदै थ्यो। त्यो सक्रिय पनि थ्यो। त्यो सामन्तवादी प्रेतकालको राजतन्तर हटेर गनतन्तर आ'को हो। तर पञ्चप्रेतको पाटीले राजतन्तर फर्काउन पर्च भनेर आन्दोल गर्दै देश दौडाहा गरिराखेको छ।

चारतारे पाटी भित्रका केही थान नेताहर्ले पनि प्रेतकालको राजतन्तर फर्काउन पर्च भनेर कस्सिएकै छन्। उता रोल्पाली बाबुसावको कम्निस पाटीले पनि राजतन्तर फर्काउने अभियानमै लाग्या छन् भनेर गाइँयगुइँय हल्ला पनि गर्चन्। त्यै भ'र होला हाम्री महामहिम आधिआकास घर्लप्पै ढाकेकी राष्ट्रका पति महोदयाले पनि अब राजतन्तरैकालको झल्को दिइरहेकी छन्। त्यसोगर्न उनलाई निकै उत्सुकता जागेको छ। उनलाई महारानी बनेर राजकाज गर्ने हुटहुटी जागेको छ।

महारानी बन्ने मनसुवा भएकैले रहेछ बडादशैंमा देशका गन्यमान्य, उच्च ओहोदाका नोकरीदारहर्लाई टीका प्रसाद बक्स हुँदा घुँडा टेकाएरै बक्स भएको थियो। प्रेतकालका राजामहाराजहर्ले जस्तै पशुपतिनाथको दर्शनभेट र पूजा अर्चना गर्ने, भोटो जात्रामा भोटो दर्शन गर्ने, हिन्दू धर्मका विभिन्न मठमन्दिरमा गएर पूजापाठ गर्ने काममा प्रेतकालिन राजाहरूको बिँडो थाम्दै आएको यसपाला त सरकारी नीतिको पोको खोल्ने कार्यक्रममा सरकारलाई मेरो सरकार भन्न पनि भ्याइन्। हिज प्रेतकालमा सरकारलाई राजाले मेरो सरकार भन्ने भएकाले त्यसलाई श्री ५ को सरकार भनिन्थ्यो।

आज राष्ट्रका पति महोदयाले पनि मेरो सरकार भनेर बाणी बक्स भएको हुनाले अब यो सरकार नेपाली मनुखेको नभई राष्ट्रका पतिको भएकाले यसले नयाँ प्रकारको राजतन्तर आएको जनाउ दिएको छ। अब राष्ट्रका पति महोदया बडामहारानीका रूपमा उदाइबक्सेको छ। यसले अब राजतन्तर फर्काउनु पर्च भनेर राजनीति गरिरहेका प्रेत पाटी, चारतारेका केही नेता र नागार्जुनका प्रेतहरू सबै सबैका माग पूरा भएका छन्। अब राजतन्तर फर्कान पर्च भनेर रोइधोइ गर्न नपर्ने भएको छ।

हाम्रा राष्ट्रका पति महोदयालाई महारानी बनेर श्रीपेच पहिरिने यत्रो धोको रहेछ, हामी उल्लु रैती मनुखेले पत्तै पाएनछौँ। हामी पनि कस्ता हुस्सु छौँ भन्या। सरकारी पाटीका विचरा दुइनम्बरी अध्यक्षलाई समेत केही निसापत्तो रहेनछ। संसदमा दुबै खोरका मान्नेहर्लाई सम्बोधन बक्स हुँदा मात्रै था' पाएछन्। यो सबै चाँजोपाँजो त एकनम्बरी अध्यक्ष अर्थात् नेपाल मण्डलका पर्धानमन्तरीले पो मिलाएका रहेछन्। उनी त देश खाइ शेस पल्टेका।

उनलाई त कुन देशमा के कस्तो व्यवस्था छ, के कस्तो भाषा छ, के कस्तो राजनीति र संस्कार संस्कृति छ भन्ने कुराको हेक्का छ। त्यै भ'र उनले अब उप्रान्त यो सरकार नेपाली रैती मनुखेको नभई राष्ट्रका पति प्रमुखको हो भन्ने कुरा संसदमा घोषणा गर्न लगाएर लाहाछाप ठोकी दिए। यसो गर्दा राजा फर्काउन पर्च भन्नेहर्को पनि माग पूरा हुने, यता राष्ट्रका पति प्रमुखको पनि बडामहारानी बन्ने धोको पूरा हुने। बडा गजबको काइदाको फाइदा भयो।

यसरी नेपाल मण्डलमा गनतन्तरात्मक राजतन्तरको उदय भएको छ। यसैगरी केही समय पछि हिन्दू राज्यको पनि नयाँ अवतारका रूपमा उदय हुने छ। यसका लागि हाम्रा छिमेकमा गुज्जर भैय्‌याले चुनाउ जित्नु पर्ने छ। गुज्जर भैय्‌या र हाम्रा पर्धानमन्तरीको सुमधुर मात्रै नभएर भित्रिया सम्बन्ध पनि भएकाले त्यसका लागि गुज्जर भैयाले विशेष सहयोग गर्ने नै छन्। बडामहारानी मौसुफ सरखारको जय होस्।

# ओलीका ठाउँमा बाबुराम : सत्ता समीकरणको गृहकार्यमा भारत ?

समाजवादी पार्टीको निर्माण पछि देशमा सत्ता समीकरणको नजानिदो खेल चलिरहेको विश्लेषण हुन थालेको छ। तर यो सत्ता समीरकण अग्रगामी र प्रगतीशील भने होइन । समाजवादी पार्टी नेपालको निर्माण वैकल्पिक संसदीय राजनीतिक पार्टीका रूपमा भएको हो । संघीय समाजवादी फोरम र नयाँ शक्ति पार्टी आफैमा पनि यथास्थिति र संसदीय व्यवस्थाको धार अपनाएका पार्टीहरू हुन् । पछिल्लो चरणमा माओवाद र माओवादी शब्दावली नै परित्याग गरेका डा. बाबुराम भट्टराई र मधेश आन्दोलन र मधेशवादी दलबाट फोरममा उक्लिएका उपेन्द्र यादवले पार्टी एकताको प्रतिफल हो, समाजवादी पार्टी नेपाल ।

समाजवादी पार्टी नेपालको निर्माणपछि ओली–दाहाल चुकचुकाएका छन् । 'नेकपा' भनाउनेले भन्दा 'समाजवादी' भन्नेले धेरै भ्रम पार्ने हुनाले जनताका बीचमा यसको पक्षमा लबिङ र ध्रुवीकरण हुने सन्त्रासमा छन् । ओली दाहाल तर्सिएका कुराहरू सत्यताका नजिक नजिक पनि पुग्दै गइरहेका छन् । समाजवादी पार्टी निर्माणपछि ओलीदाहालको सिण्डिकेटको दोहोलो उनकै कार्यकर्ताले काढिरहेका छन् । उता भर्खरै निर्मित समाजवादी पार्टीमा बाबुराम सरकारमा जान लागे कि उपेन्द्र प्रतिपक्षमा आउन खोजे भनी चर्चा चलिरहेको विषय हो । ओली–दाहाल आफ्नै पार्टी फुटेर भट्टराईको नेतृत्वमा सरकार गठन हुनजाला भनी तिर्मिराउन थालेका पनि छन् । पछिल्लो प्रक्रियामा समाजवादी पार्टी, कांग्रेस, मधेशवादी दल र ओलीदाहाल मेड नेकपाको एक हिस्सा मिसिएर अर्को सरकार निर्माणको वैधानिक बाटो पनि खुलेको बहस थालिएको छ ।

यसका पछाडि निम्न तथय र आधारहरूले काम गरिरहेका छन् : चुनावमा कांग्रेससँगको तालमेलबाट बाबुराम भट्टराई विजय हुनु, कांग्रेस सत्ता बाहिर एक क्षण पनि नरहनु, ओलीदाहालको नेकपामा फुटको संभावना प्रवल रहनु, ओलीको पार्टी नेतृत्व र सत्तामा रहेकाहरू अमेरिकी लबीमा प्रवेश गर्नु, दिल्लीले ओली सरकारको विकल्पको खोजी गर्नु र आफूअनुकूलको सरकार नेपालमा गठन गर्न खोज्नु अनि सत्ताइतर पार्टी र शक्तिहरू सल्बलाउनु । नेपाली जनमानसमा पनि ओलीदाहाल लगायतका नेकपाका सत्ताधारी नेताहरूको नेपालको भूराजनीतिक अवस्थितिअनुसार अनुकूल र हालसम्म अवलम्बन गरिएको असंलग्न परराष्ट्र नीतिको खुल्लमखुल्ला धज्जी उडाएर अमेरिकी लबीमा छिरेपछि तीव्र असन्तुष्टी छाएको छ । केही गरे पनि साट्न र फेर्न नमिल्ने दुई छिमेकी देश भारत र चीन नै नेपालका लागि अन्तर्राष्ट्रिय निर्णायक शक्ति रहने राजनीतिक विश्लेषकहरूको दह्रो मत रहेको छ ।

# क्रान्तिकारी पत्रकार महासंघ ५ नं. प्रदेश संयोजकमा रवि पाण्डे



दाङ । क्रान्तिकारी पत्रकार महासंघ प्रदेश ५ को भेला दाङको भालुवाङमा सम्पन्न भएको छ । भेलाले रवि पाण्डेको संयोजकत्वमा १५ सदस्यीय सम्मेलन आयोजक संगठन समिति निर्माण गरेको छ ।उक्त कमिटिका सदस्यहरूमा दामोदर खनाल (अर्घाखाँची), टेकबहादुर मास्की राना (रूपन्देही), सुशीला आचार्य (दाङ), केशव अविरल (गुल्मी), ईश्वरी गैरे (दाङ), विमल आचार्य (कपिलवस्तु), आयुष न्यौपाने (बर्दिया), मानबहादुर कुँवर (रूपन्देही), भरत शाही (बाँके), दिनेश श्रीवास्तव (बाँके) लगायत रहेका छन् ।संगठनका केन्द्रीय अध्यक्ष इन्द्र राउतको प्रमुख आतिथ्यता र सल्लाहकार हिरामणि दुःखीको विशेष आतिथ्यतामा सम्पन्न भेला दामोदर खनालको अध्यक्षतामा र रवि पाण्डेको सञ्चालनमा भएको थियो ।भेलामा जनपक्षीय पत्रकारिताको पक्षमा गरेको योगदानको उच्च मूल्यांकन गर्दै अग्रज पत्रकार प्रेम रिमाललाई सम्मान गरिएको थियो । कार्यक्रममा क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, क्रान्तिकारी पत्रकारका संस्थापक सदस्य तथा सल्लाहकार हिरामणि दुःखी, सचिव रामकुमार श्रेष्ठ लगायतले शुभकामना दिएका थिए ।

## विप्लव...

५ मा नेकपा क्रान्तिकारी माओवादीको बैठक बुधबार र विहीबार गरी दुई दिनसम्म चलेको थियो भने विहीबार प्रदेश ५ स्तरीय देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको पनि बैठक प्युठानको सरुमैरानी गाउँपालिकामा भएको थियो ।

## ओली...

उत्रिएका, कर्मचारी पनि असन्तुष्ट रही सडकमा ओर्लिएका, शान्ति सुरक्षाको अवस्था निकै खस्किएको, विद्यार्थीहरू सडक संघर्षमा आइसकेका, शिक्षकहरू हडतालमा रहेका, देशभरका स्वास्थ्यकर्मीहरू सरकारका विरुद्धमा ओर्लिएका र क्रान्तिकारी तथा अग्रगामी राजनीतिक पार्टीहरूका लागि सडकबाहेक विरोधका अन्य सबै विकल्पहरू बन्द गरिदिएकाले अब सडक आन्दोलनको विकल्प नै नरहेको कुरामा जोड दिएका थिए ।

गजुरेलले दुईतिहाईलाई तह लगाउने शक्ति भनेको जनताको सडक संघर्ष नै हो भन्दै ओली सरकारले हामीलाई अबका पाँच वर्षसम्म कसैले पनि हल्लाउन र थर्काउन सक्दैन भनेर नसोचे हुन्छ भन्दै सडक आन्दोलनले नै ओलीको दुईतिहाईको सरकार मिल्काउने चेतावनी दिएका थिए ।

त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) का नेता तथा स्थायी समिति सदस्य रामसिंह श्रीसले अहिले ओलीको सरकार फासिवादीकरणतर्फ अघि बढिरहेकाले देशमा शान्तिसुरक्षा, वाक स्वतन्त्रता, सार्वभौमसत्ता, जनअधिकार तथा जनतन्त्रमा गम्भीर कुठाराघात भइरहेको बताएका थिए । सरकारले अहिले राजधानी काठमाडौंमा रहेको देशकै खुलामञ्च कब्जा गरी माफियाहरूलाई लिजमा दिएर जनताको एकमात्र वाक स्वतन्त्रताको थलो पनि खोसेका बताउँदै उनले जनताका जिभ्रोहरूमाथि प्रतिबन्ध लगाउन खोजे पनि यो कुनै हालतमा सफल नहुने कुरामा जोड दिए । त्यसैगरी रत्नपार्कस्थित बसपार्कको सार्वजनिक स्थल पनि लिजमा दिएर खुलामञ्च रहेको ठाउँमा सार्वजनिक बस स्टेशन निर्माण गरी सार्वजनिक यातायातमा समेत नियन्त्रण र हैकम जमाउन खोजेको बताएका थिए । उनले भारतबाट सीमा अतिक्रमण गर्दै र जनसांख्यिक राजनीतिको अभ्यास गर्दै फिजीकरणतिर नेपाललाई अघि बढाइरहेको तथ्यमाथि प्रकाश पारेका थिए । अब नेपालीहरू यसका विरुद्ध सडक संघर्षमा निस्कनुपर्ने उनको जोड थियो । दुईतिहाईको सरकार भनिए पनि सरकार संसद जनविरोधी क्रियाकलापहरू अनुमोदन गर्ने थलोका रूपमा रहेका र त्यहाँ देश र जनता विरोधी हर्कतहरू मात्र हुने गरेको उनले बताएका थिए । देश माफिया, तस्कर, गुण्डा, बिचौलिया, भ्रष्टाचारीहरूको चंगुलमा फसेको र त्यसको सत्ताधारी राजनीतिक पार्टी तथा सरकारद्वारा संरक्षण भएकाले सबैभन्दा पहिले राजनीतिक भ्रष्टाचार रोकिनु पर्ने कुरामा जोड दिएका थिए ।

त्यसैगरी नेकपाका अध्यक्ष ऋषि कट्टेलले विदेशी शक्तिले नेपाललाई अफ्गानिस्तानीकरण गर्न थालेको र नेपाललाई बर्बर युद्धमा धकेल्न चाहेको स्मरण गराउँदै कुनै पनि हालतमा देशलाई विदेशी शक्तिको क्रिडास्थल बनाउन नदिइने र त्यसका लागि जनता सबै उठि बस्नुपर्ने कुरामा जोड दिएका थिए । ओली सरकारको राज भनेको त्रास र आतंकको राज भएकाले यसविरुद्ध जनपक्षीय राज्यसत्ता स्थापना गर्न समयमै सबै सचेत हनु पर्ने कुरामा जोड दिएका थिए । देशभर माफियाको बिगबिगी भएको र देशकै प्रधानमन्त्री निवास मिलेमतोमा बेचेर खाइसकेकाले जनताको अवस्था निकै सास्तीपूर्ण रहेको बताएका थिए । अहिलेको सरकारले 'एशिया प्यासिफिक'को अवधारणाविपरीत 'इण्डो प्यासिफिक' अवधारणा र रणनीतिमा गएर देशलाई अमेरिकी रणनीतिको चंगुलमा फसाउँदै लगेको भन्दै वर्तमान ओली सरकार र यसका परराष्ट्र नीतिको वैचारिक तथा रणनीतिक टाट पल्टाइको धज्जी उडेको बताएका थिए ।

त्यसैगरी नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) अध्यक्ष गोपाल किरातीले देश आन्दोलनमय बन्दै गएको र यो वातावरण सरकार आफैले बनाइरहेको कुरामा जोड दिएका थिए । देशघात र जनघातका कामहरू बढ्दै गएपछि जनताका लागि आन्दोलनको विकल्प नभएकाले क्रान्तिकारी तथा अग्रगामी शक्ति तथा पार्टीहरू अब आन्दोलनको एउटै छातामुनि नआइ नहुने अवस्था निर्माण हुँदै गएको कुरामा जोड दिंदै विप्लवको नेकपा पनि काठमाडौंमा आएर सडकको नेृत्व गर्न तयार रहनु पर्ने कुरामा जोड दिएका थिए ।

विरोधसभालाई देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका अध्यक्ष सीपी गजुरेल, नेकपा (क्रान्तिकारी माओवादी) नेता तथा स्थायी समिति सदस्य रामसिंह श्रीस, नेकपाका अध्यक्ष ऋषि कट्टेल र नेकपा (माओवादी केन्द्र) नेता गोपाल किरातीलगायतले संबोधन गरेका थिए । उक्त संयुक्त विरोध कार्यक्रमको सञ्चालन देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालका सचिव पवनमान श्रेष्ठले गरेका थिए ।

## यो सरकार...

भवनमा बिगेसोले आयोजना गरेको वैचारिक साँस्कृतिक कार्यक्रमलाई सम्बोधन गर्ने क्रममा महासचिव किरणले यस्तो बताएका हुन् ।

महासचिव किरणले सरकारले जनताको भावना विपरीत कामहरू गरिरहेको र सरकारका नीति तथा योजनाका कारण जनताहरूले सास्ती भोगनुपरेको विषयलाई प्रष्ट पारेका थिए । उनले वर्तमान ओली सरकारले आफुलाई कम्युनिस्ट सरकारको रूपमा बताएपनि उसको चरित्र फासिवाद उन्मुख, जनविरोधी तथा राष्ट्रघाती देखिएको भन्दै त्यसको विरोधमा उत्रिन जनतालाई आह्वान समेत गरे । उनले हिजोसँगै रहेका जनयुद्धका नेता पुष्पकमल दाहाल प्रचण्डले राजनीतिक बेइमानी गरेर हजारौं शहीदको सपनालाई सत्तासँग साटेको आरोप समेत लगाए । उनले शहीदको रगतमा टेकेर सत्ताका मालिक बन्न पुगेको प्रचण्ड ओलीको सरकार र पार्टी कम्युनिस्ट नभएको समेत प्रष्ट पारे ।

उनले वर्तमान सरकारले मुलुकमा भ्रष्ट, दलाल, तस्कर र सामाजिक अपराधीहरूको संरक्षण गरिरहेको भन्दै त्यसको विकल्पका लागि जनताहरू सजग हुनुपर्ने बताए । उनले ओली सरकारले जनताको हक, अधिकारको लागि सञ्चालीत आन्दोलनका नेता रेशम चौधरी लागायतलाई अपराधी भन्दै जन्म कैदको सजाय दिएको प्रति आक्रोश ब्यक्त गरे ।

उक्त कार्यक्रममा पार्टीका स्थायी समिति सदस्य तथा प्रवक्ता हरीभक्त कडेंल प्रतिक, अखिल नेपाल आदीवासी जनजाती महासंघका केन्द्रीय महासचिव नगेन्द्र राई, मानवशास्त्री डाक्टर ओम गुरुङ, अखिल नेपाल लिम्बुवान मुक्ति मोर्चा अध्यक्ष केवी फुदुङलगायतको आतिथ्यता रहेको थियो ।

## प्रेस विरोधी...

आम नागरिक समाजलाई समेत आन्दोलनमा उत्रन आव्हान समेत गरे । उनले जेठको १६ र १७ गते संगठनको राष्ट्रिय सम्मेलन सम्पन्न गरेलगत्तै सडक आन्दोलनमा उत्रने समेत उद्घोष गरे ।

भेलालाई विशेष अतिथिको रूपमा सम्बोधन गर्दै संगठनका सल्लाहकार तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिवालय सदस्य हिरामणि दुःखीले वर्गीय समाजमा सबै चिज बर्गीय भएजस्तै मिडिया र पत्रकारहरूको चरित्र पनि वर्गीय हुने बताए । उनले क्रान्तिकारी पत्रकारहरूले राज्यसत्ताको आमूल परिवर्तनका निम्ति कलम चलाउनुपर्ने बताउँदै क्रान्तिको आवश्यकता अनुसार आ–आफ्नो ठाउँबाट आफ्नो क्षमताको विकासमा विशेष जोड दिनुपर्ने बताए ।

पत्रकार दामोदर खनालको अध्यक्षतामा सम्पन्न भेलाको सञ्चालन पत्रकार रवि पाण्डेयले गरेका थिए । भेलाले पत्रकार पाण्डेयको संयोजकत्वमा १५ सदस्यीय प्रदेश कमिटि निर्वाचित गरेको थियो । भेलापछि बसेको महासंघको बैठकले जेठको १६ र १७ मा सम्पन्न हुने राष्ट्रिय सम्मेलनलाई भव्य रूपमा सम्पन्न गर्नका लागि व्यवस्थापकीय लगायतका क्षेत्रमा आवश्यक कार्य सम्पादन गर्ने गरी कमिटिको कार्यविभाजन समेत गरिएको थियो ।

## मार्क्सको...

उनले जोड दिए ।

यसका लागि छलफलका एजेण्डाहरू कम्तिमा पनि जिम्मेवार नेताहरूका बीचमा खुलेर चलाउनु पर्ने र आआफ्ना पार्टीहरूमा पनि बहसका लागि कार्यक्रम बनाएर अघि बढ्नु पर्ने कुरामाथि प्रस्तोता किरणको जोड थियो ।किरणले आजको विचार गोष्ठीको कार्यक्रमले घरेलु तथा अन्तर्राष्ट्रिय बहस रएकतामा बल पुगोस् भन्ने कुरामा पनि जोड दिएका थिए । कार्यक्रममा टिप्पणी गर्दै क. आहुतीले नेपाली कम्युनिष्ट आन्दोलनको विडम्बना नै खुलेर विचार बहस नहुनु र नेताहरूको व्यक्तिगत निर्णय प्रभावी रहनु र कार्यनीतिक विषयहरू अमुक हुनु रहेको बताएका थिए ।उनले आजको युग लेनिनको युग हो वा होइन, यसबारेमा प्रष्ट हुनुपर्ने कुरामा जोड दिएका थिए । बहस आफूले पनि लिखित रूपमा उठाइसकेकाले त्यसको अध्ययन अन्य पार्टीहरूमा पनि जरुरी भएको बताएका थिए ।

उनका अनुसार विज्ञान र प्रविधिको विकास यति धेरै भइसकेको छ कि अब मानिसको भूमिका गौणजस्तै हुन पुगेकाले बदलिएको परिस्थिति अनुसार क्रान्तिको मोडलमा पनि परिवर्तन ल्याउनु पर्ने बताएका थिए ।त्यसै गरी नेकपा (मसाल)का प्रवक्ता रामप्रसाद पुरीले पार्टी कार्यगत एकता उठेका मुद्दाअनुसार हुने बताएका थिए । उनले पार्टी एकताका लागि पार्टीले अंगीकार गरेका विचार कार्यदिशाका बारेमा खुलेर छलफल गरिनु पर्ने पनि बताएका थिए ।नेकपाका ऋषि कट्टेलले कार्यपत्रमा आएका कुराहरूमा त्यति विमति नरहेको तर पार्टी एकताका लागि माओवाद मान्ने वा माओविचार मान्नेमा नै समस्या रहेको कुरामा जोड दिएका थिए । साथै, उनले पार्टी एकताका कुरा चलिरहेको पनि बताएका थिए ।नेकपा (माओवादी केन्द्र) का गोपाल किरातीले पुष्पकमल दाहालहरूले विचार नै परित्याग गरी एमालेमा बिलय भएका र विचार रक्षा र प्रयोगका लागि आफूहरू उभिएकाले व्यापक छलफल गरी अघि बढ्नुपर्ने कुरामा जोड दिएका थिए ।

त्यसै गरी नेकपा मालेका सीपी मैनालीले नेपालमा जति गरे पनि मात्रात्मक परिवर्तन हुने गरेको र मनोगत रूपमा सोचे पनि ठूलो परिवर्तन नआउने कुरामा जोड दिएका थिए । चाहना र क्रान्तिका कुरा नेपालको विशिष्टतामा फरक हुँदै आएको कुरामा जोड दिएका थिए । प्रस्तुत कार्यपत्रमा उपस्थित नेताहरूको टिप्पणी र सुझावमाथि संश्लेषणात्मक विचार राख्दै कार्यपत्र प्रस्तोता महासचिव किरणले वर्तमान समाज लेनिनकै युगको विश्लेषणअनुसार चलिरहेको र रूपमा केही फरक देखिए पनि सारभूतरूपमा फरक नआएको कुरामा जोड दिएका थिए । उत्पादन शक्तिमा विज्ञान र प्रविधिका कारणले आधुनिक यन्त्रहरूको जडान, श्रमिकहरूको कटौती र श्रमशक्तिको ह्रासका कुरा मार्क्सवादी विज्ञान सम्मत नभएको कुरा उल्लेख गर्दै उत्पाद शक्तिका हिसाबले निर्णायक र चालक भनेको मानव नै भएको कुरालाई नबिर्सन सजग पनि गराए । नेपाल अझै पनि नयाँ जनवादी क्रान्ति पूरा गर्ने चरणमा रहेकाले यसको वस्तुगत अवस्थालाई नबिर्सन पनि सुझाए । कार्यक्रम नेकपा (क्रान्तिकार माओवादी) का नेता सीपी गजुरेलले सञ्चालन गरेका थिए ।

# विद्यार्थी नेता ढकालको रिहाइ नगरिंदा विद्यार्थी आन्दोलित

काठमाडौं । ११ विद्यार्थी संगठनले शुक्रवार दिउँसो आफ्ना कार्यक्रमहरू पत्रकार सम्मेलन गरी सार्वजनिक गरिरहेकै बेला विप्लव नेकपानिकट अखिल (क्रान्तिकारी) का अध्यक्ष चिरञ्जीवी ढकाललाई प्रहरीले गिरफ्तार गरेको छ। उक्त गिरफ्तारीलगत्तै विद्यार्थी संगठनहरूले संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै २४ घण्टाभित्र ढकालको रिहाइ नगरिएमा ओली सरकारविरुद्ध सशक्त संघर्ष अघि बढाउने चेतावनी दिएका छन् ।

पञ्चायती काललाई पनि बिर्साउने गरी ओली सरकारले देखाएको फासीवादी हर्कतको चर्को विरोध गर्दै विज्ञप्तिको सुरुमा भनिएको छ– 'पञ्चायतकालमा समेत सरकारले विद्यार्थी संगठनका राजनीतिक एवं शैक्षिक गतिविधिमाथि प्रतिबन्ध गरेको थिएन, सो समेतलाई माथ दिने गरी हालको केपी ओली नेतृत्वको नेपाल सरकारले फाँसीवादी शैलीमा गैरन्यायिक तवरले अखिल (क्रान्तिकारी)का अध्यक्ष चिरञ्जीवी ढकाललाई पत्रकार सम्मेलन गरिरहेकै स्थान युनियन हाउसबाट प्रहरीले गिरफ्तार गर्नुले सरकारको तानाशाही प्रवृत्ति स्पष्ट हुन्छ ।'

सो निन्दनीय कार्यको ११ विद्यार्थी संगठन घोर विरोध एवं भत्सर्ना गर्दै गिरफ्तार गरिएका ढकाललाई 'बिनासर्त तत्काल रिहाइको माग गर्दै' यदि ओली सरकारद्वारा ढकाललाई '२४ घण्टाभित्र रिहाइ नगरिए सशक्त संघर्षमा उत्रने' विज्ञप्तिमार्फत् जानकारी गराइएको छ । यसका साथै विद्यार्थी संगठनले 'सरकारका यस्ताखाले गतिविधिको विरुद्धमा उत्रन सम्पूर्ण विद्यार्थीलाई अपिल' समेत गरेको छ ।

# रातो मच्छिन्द्रनाथ : सबैभन्दा ठूलो बिस्केट जात्रा

ललितपुर । करुणामय देवता रातो मछिन्द्रनाथ रथयात्रा आजबाट सुरु हुँदैछ । दिउँसो ४ बजेबाट सुरुहुने रथयात्रा पुल्चोकबाट गाहाबहालसम्म तानेर पुऱ्याइने छ । दोस्रो दिन गाहाबहालबाट सुनधारा पुऱ्याइन्छ भने तेस्रो दिन सुन्धाराबाट लगानखेल तानेर पुऱ्याइन्छ । चौथो दिन लगनखेलमा साइत जुराएर लगनखेलकै इटी भन्ने ठाउँमा राखिन्छ । केही दिन त्यहाँ राखेर साइत जुराएर रथ तानी जाउला खेल पुऱ्याइन्छ । जाउला खेलमा चारदिन राखी भुतले चढाएको हिराले जडित कपडा वा भोटो सरकार प्रमुखहरूले चारै कुनाबाट देखाई यात्राको समापन गरिन्छ ।

समापनका दिन बेलुका रातो मच्छिन्द्रनाथको मूर्तिलाई ललितपुरको बुंगमति गाउँमा लगिन्छ । अर्को वर्षको यसै समयमा बुंगमतिबाट ललितपुरको पुल्चोकमा ल्याई रथारोहण गरी फेरि तान्न सुरु गरिन्छ । एवम् रितले १२ वर्ष पुगपछि रातो मच्छिन्द्रनाथको मूर्तिलाई बुंगमतिमा लगी बुंगमतीमै रथारोहण गरी तानेर पुल्चोकमा ल्याइन्छ ।

पुल्चोकबाट एवम् रितले जसरी वर्षैपिच्छे मनाइन्छ, त्यसरी नै मनाई रथलाई बुंगमती पुऱ्याई १२ वर्षे मेला



समापन गरिन्छ ।

## भाँडिदै...

क्षेत्रका समानान्तर समितिका अध्यक्ष चोकबहादुर श्रेष्ठ रहेका छन् । जागरण अभियानमा उपस्थित स्थानीय जनता भागाभाग हुँदा पनि केही त सामान्य घाइते भएका थिए ।

हाल कांग्रेसभित्र वाम कांग्रेस र कांग्रेस गरी एक अर्कालाई आरोप लगाउने गरिरहेका छन् । उनीहरूका अनुसार तात्कालीन माओवादी केन्द्र र कांग्रेसबीचमा स्थानीय गठबन्धन भएपछि र स्थानीय निर्वाचनलगत्तै टुटेर वाम गठबन्धन भएपछि कांग्रेसीहरू दुई जबर्जस्त खेमामा बाँडिएका छन् । प्रदेश र संघको निर्वाचनमा लज्जाजनक हार भएपछि कांग्रेसी विवावदले पछि झनै उग्र रूप लिन पुगेको हो ।


कांग्रेसी विश्लेषका अनुसार यो विवादविचारसँग जोडिएको विवाद भएकाले लामो समयसम्म चल्ने र उस्तै परे विचार विवादले कांग्रेसी फुटसम्म पनि पुऱ्याउन सक्ने बताएका छन् । परस्पर विरोधी र उल्टो धारमा रहेका पुष्पकमल दाहाल र शेरबहादुर देउवाको वैयक्तिक स्वार्थका कारण हुन गएको स्थानीय चुनावी एकता र कांग्रेसी विवाद अझ आउँदा केही दशकसम्म निरन्तर चलिरहने र कित्ताबन्दी भइरहने विश्लेषकहरूको दाबी रहेको छ ।

# इस्लामिक स्टेटद्वारा भारतमा 'बिलाया' अर्थात् प्रान्त निर्माण गरेको दाबी

काठमाडौं । अमेरिका र उसका सहयोगी देशहरूले आतंकवादी सूचीमा राखेका इस्लामिक स्टेट (आईएस्) ले भारतमा आफ्नो प्रान्तीय कार्यालय खोलेर गतिविधि गरिरहेको घोषणा गरेको छ । श्रीलंकामा श्रृंखलाबद्ध बम बिष्फोटनपछि उक्त घटना आफूहरूले गराएको भनी आइएस्ले लिएको जिम्मेवारीमाथि पूर्ण विश्वास नरहेका बेला आईएस्को यो भनाई सार्वजनिक भएको हो । आईएस्को भनाइअनुसार उसले भारतीय भूमिलाई समेटेर नयाँ विलाया अर्थात् प्रान्तको समेत घोषणा गरेको खुलासा समेत् गरेको छ । इस्लामिक स्टेटसँग आवद्ध मानिएको समाचार संस्था अमाकमार्फत् जारी गरिएको विज्ञप्तिमा भारतीय भूमिलाई नयाँ विलाया अल हिन्द अर्थात् भारतीय प्रान्तको संज्ञा दिइएको छ ।

यति मात्र होइन, इस्लामिक स्टेटले भारत प्रशासित कश्मीरमा आफूहरूले प्रतिरोध संघर्षलाई अघि बढाएको पनि बताएको छ । बिलाया अल हिन्दले अहिले कश्मीरको सोपियान जिल्लामा रहेको अम्सिपोरा क्षेत्रमा भारतीय सुरक्षा बलमाथि धावा बोलिरहेको पनि जनाएको छ । उसका अनुसार विलाया अल हिन्दमा स्टेटका लडाकूहरूले भारतीय सुरक्षा बलमाथि क्षति पुऱ्याउन सफल भएको पनि दाबी गरिरहहेको छ ।

यस अघि इस्लामिक स्टेटले सिरिया र इराकसहित उत्तर अफ्रिका, इजिप्ट, लिबिया, नाइजेरिया, यमन, अफगानिस्तान र पाकिस्तान तथा विश्वका अन्य क्षेत्रलाई समेटेर विलायाको घोषणा गरिसकेको थियो । पछिल्लो समयमा आएर इस्लामिक स्टेटले भारतीय भूमिलाई समेटेर बिलया वा 'प्रान्त' घोषणा गर्नपुगेको छ ।




अमेरिकी लगयतका उसका सहयोगी देशहरूले सिरिया र इराकमा इस्लामिक स्टेट निकै कमजोर बताइरहेका बेला स्टेटले भिने विश्वका विभिन्न नयाँनयाँ ठाउँहरूमा आफ्नो बिलया बिस्तार भइरहेको सन्देश दिन खोजेको छ । भारतमा हालै मात्र बिलया बनाएको घोषणा गर्नु उसको प्रभाव देखाउनका लागि हो भनी अनुमान गरिएको छ ।

यसका बारेमा भारतीय प्रशासनले भने अहिलेसम्म मुख खोलेको छैन । साथै, दिल्लीको धारणा पनि सार्वजनिक गरिएको छैन ।

# युरेनियम उत्पादन गरिने इरानको चेतावनी

काठमाडौं । अमेरिकी प्रतिबन्ध तथा दबाब विश्वभर प्रायः निकम्मा र फुस्सा साबित हुँदै जान थालेको बेला इरानले युरोपेली देशहरूलाई दुईमहिने अल्टिमेटमसहित अमेरिकी प्रतिबन्धको समर्थन फिर्ता लिएर इरानलाई सहयोग गर्नका लागि ठोस् कदम उठाउन आग्रह गरेको छ । यदि यो मानवीय आग्रहलाई अस्वीकार गरी अमेरिकी प्रतिबन्धको समर्थन गरिरहे आफू युरेनियमको उत्पादन सुरु गर्न बाध्य हुने चेतावनी समेत दिएको छ ।

अमेरिकी प्रतिबन्धको समर्थनमा इरानसँग परमाणु सम्झौतामा संलग्न युरोपीय देशले इरानलाई परमाणु सम्भौताको नियमलाई तोडे खराब नतिजा भोग्नुपर्ने चेतावनी दिंदै आएका छन् । तर इरान यो एकहोरो दबाबा र दादागिरी सहन गर्न तयार भएको देखिन्न ।

ब्रिटेन, फ्रान्स र जर्मनीले सबैभन्दा बढी अमरिकी प्रतिबन्धको समर्थन र इरानमाथि आफूहरूको दादागिरी देखाइरहेका छन् । उनीहरूले आफ्नो प्रतिबद्धता कायमै रहने पनि बताउँदै आएका छन् । तर इरानले आफूलाई यी कदमहरू लामो समय सैह्य हुन नसक्ने चेतावनी दिएको छ ।

अमेरिकाले गत वर्ष परमाणु अस्त्र निर्माणको सम्झौताबाट अलग्याएर इरानमाथि यस्तो प्रतिबन्ध लगाउन पुगेको थियो । इरानको भनाइ जायज भएको भनी विशलेषकहरूले बताउन थालेका छन् ।

इरानको परमाणु महत्वाकांक्षामाथि अंकुश लगाउने रद्देश्यले सन् १९१५ मा गरिएको परमाणु सम्झौतामा चीन र रुस संलग्न छैनन् । त्यो सम्झौतामा अमेरिका, ब्रिटेन, फ्रान्स, जर्मनी र इरान रहेका छन् । तर गत वर्ष यो सम्झौताबाट अलग भएको घोषणा गर्दै अमेरिकाले इरानमाथि प्रतिबन्ध लगाइसकेको छ । इरानले आफूलाई यो सम्झौताबाट आंशिक रूपमा अलग गरिसकेको बताउँदै आएको छ ।

इरानमाथिको अमेरिकी नयाँ प्रतिबन्धपछि इरानी अर्थव्यवस्थामा निकै क्षति पुग्न गएको छ । इरानको मुद्रास्फिति भएको छ र महंगीमा चार गुणा बृद्धि हुन पुगेको छ । तर विश्लेषकहरूकै प्रश्न छ- के इरानले थेग्नसक्ला विदेशी शक्तिहरूको दबाब ? यसको पछाडि चीन र रुससँग चलिरहेको व्यापार युद्ध र भेनेजुएलामा रसियाली सेना पुगेको पछिको विश्व ध्रुवीकरणले इरानलाई स्वास फेर्न भने पक्कै पनि सजिलो बनाएको छ ।

## मध्यपूर्वको समुद्रमा अमेरिकी युद्धपोतको तान्डब



काठमाडौं । अमेरिकाले इरानलाई वार्ताका आह्वान गर्दैगर्दा मध्यपूर्वमा युद्धपोतसहितका लडाकु पानीजहाजसहित सामुद्रिक अभ्यास सुरु गरेको छ । परिचालित युद्धपोतसहितका पानी जहाज इरानलाई तर्साउन गरिरहेको युद्ध विश्लेषकहरूको अनुमान छ ।

यसको केही छनक दिंदै राष्ट्रपति ट्रम्पका राष्ट्रिय सुरक्षा सल्लाहकार जोन बोल्टनले 'तनाव वृद्धिका केही संकेत र चेतावनी' का रूपमा यसो गरिएको सार्वजनिक गरेका छन् । बोल्टनका अनुसार उक्त अभ्यासमा आक्रमण भए त्यसको प्रत्याक्रमण गरिने पनि बताए । उनका अनुसार 'अमेरिकाले यूएसएस अब्राहम लिंकन क्यारियर स्ट्राइक ग्रुप र त्यसको सहयोगी युद्ध समूहलाई यूएस सेन्ट्रल कमान्ड क्षेत्रमा इरानलाई आफू वा आफ्नो समर्थक राष्ट्रहरूमाथिको कुनै पनि आक्रमणको अवस्थामा चोटिलो प्रत्याक्रमण गरिनका लागि स्पष्ट र सोझो सन्देशस्वरूप परिचालन गरिएको' हो ।

जोन बोल्टनले अमेरिकाले इरानसँग युद्ध नचाहेको खुलासा गर्दै 'तर हामी कुनै पनि आक्रमणको अवस्थामा पूर्ण तयार छौं,' भनी चीन र रुसतिर कुरा सोझ्याएका छन् । अमेरिकाले लडाकु पानीजहाज प्रयोग गरेर युरोपमा अप्रिलको अन्त्यदेखि युद्ध अभ्यास गरिरहेको छ । यसले मध्यपूर्वमा तनाव बढाइरहेको छ । साउदीमा हतियार थुपारेपछि अमेरिका साउदी विरोधी मध्यपूर्वका अन्य देशहरूलाई साउदी विरुद्ध लड्न उस्काइरहेको देखिन्छ ।

साउदी अरबलाई उसले मध्यपूर्वको युद्धमा हालेर तहसनहस पार्ने र पत्रकार खसोग्जीको हत्याको बदला यसरी लिइयो भनेर उसका समर्थक युरोपीय देशहरूलाई देखाउन चाहिरहेको छ ।

यो अमेरिकी तान्डब रुसचीनद्वारा रुसको भोस्टोकमा केही महिना पहिले गरिएको सैन्य अभ्यास र भेनेजुएलामा रुसी फौजको तैनाथी पछि गरिएको हो । यसको उद्देश्य युद्ध तनाव सिर्जना गर्नु र क्षेत्रीय युद्धको तयारी गर्नु रहेको छ ।

# जापानबाट सिक्न सकिने पाठ



**ढुनबहादुर बुढाथोकी "सङ्घर्ष"**

***गुणस्तरीय शैक्षिक प्रणालीलाई जापानी तरक्किको चाबी ठान्दछन् । शैक्षिक प्रणालीलाई निकै गम्भिरता पूर्वक लिन्छन् । साना बालबालिकालाई गुणस्तरीय शिक्षा दिनुपर्छ, नैतिकवान, चरित्रवान, मेहनती र सिर्जनशील बनाउनु पर्छ भन्ने कुरा जापानीले राम्रो बुझेका छन् । त्यसैले जापानमा ९ वर्ष सम्मको उमेर समुहलाई विद्यालय जानु अनिवार्य हुन्छ ।***

कूल ३ लाख ७७ हजार ९३० वर्ग किलोमिटर भूभागमा फैलिएको जापान क्षेत्रफलका हिसाबले जर्मन, नर्बे, मलेसिया, फिनल्यान्ड वा पोल्यान्ड समतुल्य देश मानिन्छ । चारैतिरबाट समुद्रले घेरको जापान सानाठूला गरी ६ हजार ८५२ वटा द्विपहरूको समुह पनि हो । होकाइडु, होन्सु, सेकेकु, क्योन्सु, ओकिनवा जस्ता चारवटा ठूला द्विपहरूको एकल हिस्सा ९७ प्रतिशत छ । जापान विश्वको धनी देश मानिए पनि प्राकृतिक संशाधनमा ठगिएको देश हो । कोइला, तेल, प्राकृतिक ग्याँस, फलाम, खनिज जापानमा दुर्लभ छ । समुद्र वा जल जापानको एक मात्र प्राकृतिक स्रोत हो ।

६/७ म्याग्निच्यूडको भूकम्प सामान्य मानिने जापानमा वर्षभरमा औषत १५ सय पटक र दैनिक औषत ४ पटक भूकम्प जाने गर्छन् । भूकम्प प्रतिरोधी संरचनाका कारण जनधनको क्षति कम हुन्छ । त्यहाँ भूकम्पपछि सुनामी आउने गर्दछ । दुईवटा प्राकृतिक विपत्ति एकैसाथ निम्तने जापानमा सन् २०११ मार्च ११ मा आएको ९ म्याग्निच्युडको ६ मिनटसम्म लगातार गएको भूकमपले डरलाग्दो सुनामी निम्त्याएर १५,८९४ जना मानिसको ज्यान लिनुका साथै ६,१५० घाइते र २५४६ जना बेपत्ता बनाएको थियो । ३६० अर्ब डलर बराबरको भौतिक क्षति भएको थियो ।

जापानमा २०० अधिक सक्रिय ज्वालामुखी छन् र जुनसुकै बेला पनि बिष्पोट हुन्छन् । माउन्ट आसो सबैभन्दा ठूलो सक्रिय ज्वालामुखी हो । सन् २०१४ सेप्टेम्बर २७ मा क्युसु द्विपको माउन्ट ओन्टाकेमा ज्वालामुखी बिस्कोट



हुँदा ६३ जनाको ज्यान गुमेको थियो ।

चीन, ताईवान र कोरिया प्रायद्विपमाथिको उसको साम्राज्य, रुस जस्तो भीमकाय देशलाई युद्धमा परास्त गरेको इतिहास, सबैभन्दा धेरै नोबेल पुरुस्कार विजेता र पराजयपछि बैरभाव नराखी अमेरिकासँग हातेमालो गरी ७३ वर्षमै लोभलाग्दो विकास यसका अनुकरणीय कुराहरू हुन् । यसको पछाडि जापानीहरूको मेहनती, लगनशील र सिर्जनशील मानव संशाधनले काम गरेको छ । उनीहरू कार्यस्थललाई मन्दिर र कार्यलाई पुजा ठान्दछन् । हदभन्दा बढि काम गर्न जापानीहरू पछि पर्दैनन् । यही मेहनत र तिक्ष्ण वुद्धिका कारण प्राकृतिक सम्पदाका अभावमा पनि जापान विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्न सकेको छ । यहाँको कूल १२ करोड ७० लाख जनसंख्यामध्ये सक्रिय श्रमशक्ति ६.५० करोड रहेको छ ।

संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडीपी) द्वारा प्रकाशित प्रतिवेदन, २०१७ मा कूल १८८ देशमध्ये जापान १७ औं स्थानमा रहेको छ । औषत २.१ भन्दा कम सन्तान पैदा गर्दा जनसंख्याको आकारमा नकारात्मक प्रभाव पर्ने एक अध्ययनले देखाएको छ । जापानिज महिलाहरू काममा व्यस्त हुँदा बच्चा पाउने र हुर्काउने समय नै छैन । जापानमा बच्चा भन्दा पाल्तु जनावरको संख्या बढी छ ।

गुणस्तरीय शिक्षा, प्रगति, तरक्की र उन्नतिको कसी हो । गुणस्तरीय शैक्षिक प्रणालीलाई जापानी तरक्किको चाबी ठान्दछन् । शैक्षिक प्रणालीलाई निकै गम्भिरता पूर्वक लिन्छन् । साना बालबालिकालाई गुणस्तरीय शिक्षा दिनुपर्छ, नैतिकवान, चरित्रवान, मेहनती र सिर्जनशील बनाउनु पर्छ भन्ने कुरा जापानीले राम्रो बुझेका छन् । त्यसैले जापानमा ९ वर्ष सम्मको उमेर समुहलाई विद्यालय जानु अनिवार्य हुन्छ । भलै हाइस्कुलस्तरको शिक्षा भने बाध्यात्मक छैन । स्कुल तथा विश्वविद्यालयमा के कति वर्ष पढ्ने समायाबधी निर्धारण गरिएको हुन्छ । जहाँ इलिमेन्टरीस्तरको पढाई ६ वर्ष, जुनियर हाइस्कुलस्तको पढाई ३ वर्ष, हाइस्कुलस्तरको पढाई ३ वर्ष र युनिभर्सिटीस्तरको पढाई ४ वर्षको अवधि निर्धाण गरिएको छ । पठनपाठनका लागि पब्लिक र प्राइभेट दुबै खाले शैक्षिक संस्थालाई अनुमति प्राप्त छ ।

जापानमा १० वर्षको उमेर सम्मको बालबालिका परीक्षामा सामेल हुनु पर्दैन । १० वर्ष सम्मको उमेर ब्रेन ट्रेनिङ, ब्रेन टिजर र ब्रेन पजलिङ जस्ता सिकाईमा लगाई मस्तिस्कको विकास गराइन्छ । कक्षाकोठा, सौचालय, परिसरको सफाई शिक्षक र विद्यार्थी मिलेर गर्दछन् । जापानी विद्यार्थीमाथि कडा परहेज छ । उनीहरूलाई मोबाइल फोन बोक्न, कपाललाई स्टाइलिस बनाउन, छात्रलाई दाह्री पाल्न, महिलाई नङपालिस लगाउन, विपरीत लिंगीय रोमान्टिक सम्बन्ध कायम गर्न विलकूलै छुट रहँदैन । विद्यार्थी अनुशासित हुन्छन, पढाइमा ध्यान केन्द्रित गर्दछन् र समय खेर फाल्दैनन् ।

विद्यार्थीहरू २५ वर्षको उमेरमा विश्व बिद्यालयको शिक्षा पूरा गरी कामकाजको सुरुआत गर्दछन् । यस हिसाबले जापानका औषत २५ देखि ३५ बर्षको उमेर समुहमा म्यानेजर हुन्छन् । वर्षमा २ पटकसम्म बोनस प्राप्त गर्दछन् । १५ देखि १८ प्रतिशतले मात्र स्थायी जागीर खान्छन् । ५५ वर्ष पश्चात् प्योकजसहित बाहिरिन पर्छ भन्ने मान्यता राख्दछन् । प्रतिकूल भौगोलिक बनावट र प्राकृतिक सोतसाधनको अभावमा पनि जापानले विकासलाई शैक्षिक प्रणाली, कार्य संस्कृति, मूल्यमान्यता नेपाल जस्तो विकासका खातिर छटपटाइरहेको देशले अनुकरण गर्नु उपयुक्त हुन्छ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# शहीद मित्रमणि आचार्य : एक अविस्मरणीय व्यक्तित्व

*श्रमप्रति सम्मान व्यक्त गर्ने मित्रमणि आचार्यले श्रमद्वारा जनताको मन जित्ने, जनताको घरमा गएको बेला आफूले खाएको थाल आफैले माझ्ने, चितवनको फाँटमा पार्टी कार्यकर्ता र पेशेवर राजनैतिककर्मीहरूको धान काटेर थन्क्याईदिने तोरी उखेल्ने, देउसी भैलो खेलेर संगठनको कोष खडा गर्ने काममा आफू मात्र नभएर क्याम्पसको एक/डेढ शय विद्यार्थीको नेतृत्व गरेर बिघाका बिघा काम एकै दिनमा सकिने गरेको कुरासँगै काम गरेका सहयोद्धाको मानसपटलमा अझै पनि ताजै छ । मित्रमणिका यिनै गुणबाट सिक्दै नयाँ पिँढीका नेता तथा कार्यकर्ताहरूले बदलिएको सन्दर्भमा जनतासँग जोडिने र एकाकार भएर क्रान्तिको महायात्रामा लामबद्ध भएर अगाडि बढ्न जरूरी छ ।*

● चन्द्रहरि सुवेदी

चितवन जिल्ला पार्टीले शहीद स्मृति ग्रन्थ निकाल्ने निर्णय गरेर मलाई मित्रमणि आचार्य बारे लेख्ने जिम्मा दिएको छ, खुसी लाग्यो । मित्रमणि शहीद भएको ३५ वर्ष हुनै लाग्दा पनि उहाँ चितवनको मात्र नभएर देशकै अजर अमर शहीदको कोटीमा पर्नेमा एक हुनुहुन्छ । राणा शासनदेखि ०४२ सम्मको अवधिमा देशमा शहीद हुनेहरू एक सतकभित्रै पर्ने हुँदा मित्रमणि उच्चकोटीका विद्यार्थी शहीद नेतामा पर्नुहुन्छ । महान् माओले भन्नु भएझैँ 'कसैको मृत्यु चराको प्वाँख जस्तै हलुका र कसैको मृत्युलाई पहाड जस्तै गह्रुङ्गो हुन्छ' भने जस्तै मित्रमणिको मृत्यु हिमाल जस्तै गह्रुङ्गो मृत्यु हुन पुगेको छ ।

२०१९ असार ११ गते प्यूठान जिल्लाको रम्दी गा.वि.स. वडा नं. २ तीघ्रामा बुवा रेशमराज आचार्य र आमा पिताम्वरदेवी आचार्यको कोखबाट उहाँको जन्म भएको थियो । उहाँमा सानैदेखि नेतृत्वमा हुने गुण भएकै कारण विषयवस्तुलाई पकड्ने, बुझ्ने, गर्ने भएकैले पक्लिहवा कृषि क्याम्पस र रामपुर कृषि क्याम्पसमा स्व.वि.यू. सभापति जस्तो विद्यार्थीहरूको साझा संगठनको नेता छानिन सक्नुभयो । मित्रमणिबारे धेरैले धेरै कुरा लेखे, कसैले जवर्जस्ती आफ्नो पंक्तिमा पार्ने असफल प्रयास पनि गरे । शहीद सबैको साझा सम्पत्ति हुन्' लक्ष्य र उद्देश्य मिल्नेहरूले शहीदले देखाएको बाटोमा जीवनपर्यन्त हिँड्नु शहीदप्रति साँचो अर्थको सम्मान गर्नु हो ।

मैले मित्रमणिलाई सबैभन्दा बढी चिनेको छु भनेर घमण्ड त गर्दिन, तर तात्कालीन चितवन जिल्लामा सवा वर्षको अवधिमा जति घुलमिल भएर काम गरियो' एकदमै निकटमध्येको एक म पनि हुँ । २०४० साल कार्तिकमा माउ पार्टी चौथो महाधिवेशनमा फूट भएको थयो । विद्यार्थी संगठनमा त्यसको असर पर्ने नै भयो । हामीले छोटो अवधिको लागि एउटा आयोजक समिति बनाएर ०४० माघमा आठौं अ.ने.रा.स्व.वि.यू. चितवन जिल्ला अधिवेशन गर्यौं । म वीरेन्द्र क्याम्पसमा डिप्लोमामा पढ्थेँ । मित्रमणि आचार्य रामपुर क्यामपसमा बिएससी.एजी.मा पढ्नुहुन्थ्यो । म अध्यक्ष र मित्रमणि उपाध्यक्ष भएर अखिलको १ वर्षे जिल्ला समितिको कार्यकाल अत्यन्तै सफलताका साथ बितायौँ । त्यही साल ०४० चैत्रमा भारतको गोरखपुरमा अखिलको आठौँ राष्ट्रिय सम्मेलन भयो र मित्रमणि केन्द्रीय सदस्य पनि चुनिनु भयो । ०४१ माघमा नै चितवनको अ.ने.रा.स्व.वि.यू. को नवौँ जिल्ला सम्मेलन भयो र टीका पोखरेल अध्यक्षमा चुनिनु भयो । हामी १३ जनाको जिल्ला समितिले त्यतिखेर टिमबद्ध भएर चितवनका सबै क्याम्पस र मा.वि. मा बनाएका संगठनमा बस्ने साथीहरू आआफ्नो क्षेत्रमा अहिले पनि नेतृत्वदायी भूमिकामा हुनुहुन्छ । ०४० माघदेखि ०४१ माघसम्म एउटै जिल्लाको समितिमा बसेर बिताएका मित्रमणिसँगको निकै अविस्मरणीय छन् ।

०४० सालमा चौथो महाधिवेशन फुटेपछि पार्टीले राष्ट्रिय सम्मेलन गर्यो । र, पार्टीको नाम मशाल राख्यो । एक वर्षको तयारी गरेर आयोजक समिति बनाएर ०४१ मंसिरमा भारतको अयोध्यामा पाँचौं महाधिवेशन सम्पन्न गर्यो । मोहनविक्रम सिंहलाई महाधिवेशनले कार्वाही गर्यो । र, मोहन बैद्यलाई महासचिव छान्यो । विश्व विद्यालयलाई किल्ला बनाऔँ भन्ने महान लेनिनको भनाइबाट प्रभावित भएर देशभरका ठूला क्याम्पसहरू अखिलका किल्लामा परिणत भएका थिए । भूमिगत पार्टीका नेताहरू क्यामपसका विद्यार्थीका कोठामा गुप्त रूपमा सेल्टर लिन्थे ।

क्याम्पसमा पार्टीका शाखाहरू खोलिएका थिए । मित्रमणि आचार्य रामपुर क्याम्पस पार्टी शाखाको सदस्य हुनुहुन्थ्यो । त्यतिखेर पूर्णकालीन कार्यकर्तालाई आर्थिक अभाव निकै हुन्थ्यो । सरल जीवन र उच्च विचारका सम्वाहक मानिन्थे नेताहरू । कृषि र पशु विज्ञान अध्ययन क्याम्पस देशभरिकै एउटा मात्र थियो रामपुरमा । देशभरिका विद्यार्थीहरू पढ्न आउँथे । घर छोडेर होस्टलमा बसेर प्रबेश परीक्षामा पास गरेर नाम निकालेर पढ्न चानचुने विषय थिएन । प्रायः मध्यम वर्गीय परिवारबाट पढ्न आएका हुन्थे ।

२०४० सालसम्म चौथो महाधिवेशन नफुट्दासम्म देशमा ने.क.पा.(मशाल) समर्थित विद्यार्थी अखिलको पहिलो शक्ति थियो । त्यसमा पनि रामपुर क्याम्पस गढ नै थियो । चितवनमा पुरानो पुस्तामा कांग्रेसको प्रभाव बढी थियो । रामपुर क्याम्पसमा कम्युनिष्ट विद्यार्थी बढी हुनु र कांग्रेसहरूलाई असैह्य हुन्थ्यो । स्व.वि.यू. निर्वाचन भएदेखि नै अखिलले जित्दै आएको थियो । त्यसमा पनि सबैले प्यारो माइला दाइ भनेर बोलाउने मित्रमणिको कुशल नेतृत्वले गर्दा कम्युनिष्ट विद्यार्थीहरूको गोलबन्दता लोभलाग्दो थियो । हरेक साल क्याम्पस छोडेर फिल्डमा जाने विद्यार्थीहरूलाई आन्तरिक विदाई कार्यक्रम हुन्थ्यो । ३ वर्षसम्म होस्टलमा बस्दा जोडिएका निजी सामान लगाउने कपडा, सिरक डस्ना' रहरले चलाउने साइकल विदा भएर जाने विद्यार्थी कमरेडहरूले पार्टीलाई चन्दा दिएर जान्थे । पूर्णकालीन कार्यकर्ताको महत्व र उनीहरूको आवश्यकताबारे जाने साथीहरूलाई संयोजन गरेर क्याम्पसको पर्खालबाहिर खुशीराम पाख्रिनको टोलमा पार्टी केन्द्रबाट आएका प्रतिनिधिको साथमा मित्रमणिले महत्व बुझाउने गर्नुहुन्थ्यो ।

त्यसबाट पार्टीको महत्वपूर्ण गर्जो टर्ने गर्थ्यो । 'राम्रो मानिसलाई भगवानले पनि छिट्टै लान्छन्' भन्ने नेपाली उखान क. मित्रमणिमा लागू भयो । २२ वर्षको कलकलाउँदो ठिटो,



अग्लो कदको, झ्याप्प दाह्री आएको बाहिरबाट हेर्दा प्रोढ र अभिभावक जस्तो देखिनुहुन्थ्यो । बाँचिरहनु भएको राम्रो नेतृत्वमा विकास गर्ने सम्भावना थियो । उहाँको कमिलाको फूलजस्तो साह्रै मिलेका राम्रा अक्षर देखेर त्यस्तै लेख्न पाए हुन्थ्यो भन्ने इच्छा लाग्थ्यो । त्यतिखेर रामपुर क्याम्पसबाट उत्पादित थुप्रै विद्यार्थीहरू पूर्णकालीन नेता तथा कार्यकर्ता बनेका थिए । "तपाई पनि पूर्णकालीन बन्नुपर्छ यति राम्रो लेख्ने मानिस सर्कुलर लेखेर केन्द्रीय कार्यालयमा बस्नुपर्छ' भन्दा हेरौँ के हुन्छ' भन्नुहुन्थ्यो । जे होस् नयाँ जनवाद, समाजवाद र साम्यवाद सहीद मित्रमणि हिंडेर देखाएको बाटो हो जसले निरन्तर उक्त बाटोमा हिँड्छ उसले मात्र मित्रमणिलाई सच्चा अर्थमा श्रद्धा गरेको ठहर्छ । साम्राज्यवाद, प्रभुत्ववाद, विस्तारवाद, संशोधनवाद र संसदवादप्रति उहाँको तीब्र घृणा थियो । क्रान्तिको बाटो विराएकाले मित्रमणिको बखान नगाए हुन्छ ।

महान् मारक्सले भने झैँ 'कसैको गुणको तारिफ गर्न समय खेर नफाल, बरु उसको गुणलाई अपनाउने गर' भन्ने भनाइलाई आत्मसात् गर्नु जरुरी छ । कांग्रेसी विद्यार्थी संगठन ने.वि.संघले क. मित्रमणिको हत्या गरे पनि उनीहरूले हारेका छन् । पुरातनपंथी र प्रगतिशील पक्षको लडाइमा प्रगतिशील पक्ष हावी छ । संशोधनवादी र संसदवादीहरूको बोलवाला भए पनि जनताले कम्युनिष्ट भन्नेहरूलाई मन पराएका छन् । जनता सबैले सिद्धान्त बुझ्ने कुरा भएन । गलत तत्वको भण्डाफोर गर्नै सही सिद्धान्तनिष्ट कम्युनिष्टहरूलाई अगाडि बढाउनु आजको आवश्यकता हो । मित्रमणिबाट प्रेरणा लिने कुरा यही हो । मित्रमणिलाई मारेर ने.वि.संघलाई बलियो बनाउँछु भन्नेहरूको सपना चक्नाचुर भएको छ । मित्रमणिलाई मार्ने ५० जना जति हत्याराहरूको मिसिल अहिले पनि अदालतमा सुरक्षित छ ।

४० को दशकमा क्रियाशील हरेक चितवनवासीको आँखामा उनीहरूको अपराध टलपलाइरहेको छ । मार्नेले कहिले पनि जित्दैन मर्नेले जित्छ । प्यूठानको विजुवार र रामपुर क्याम्पसको प्राङ्गणमा अहिले पनि भर्खरै बोल्लाजस्ता मित्रमणिको शालिक हत्याराहरूलाई चुनौति दिँदै खडा छ । बाचुञ्जेल पनि मित्रमणिका कोही व्यक्तिगत शत्रु थिएनन् । मार्नेहरू पनि हत्या गरिसकेपछि पश्चाताप गर्न बाध्य छन् । बाचुञ्जेल हत्याराको कालो टीका निधारमा लाएर हिँड्न बाध्य छन् । मित्रमणि ध्रुबतारा झैँ अरू चम्किलो बन्दै जानेछन् । क्रान्ति सम्पन्न भएको छैन । मित्रमणिसँगै कुटाई खाएर मर्‍यो भनी फालिएका टीका पोखरेल, विजय भुजेल, गितामणि पाण्डे र विष्णु थापा अझै हुनुहुन्छ ।

मानिसले बोलेर मात्र हुँदैन, अन्त्यसम्म शहीदले देखाएको बाटोमा हिँड्नु ठूलो कुरा हो । मित्रमणि घाइते हुँदादेखि हस्पिटल ल्याउने, १९ गते विहान (राती) २ बजेर ५ मिनेट जाँदा भरतपुर हस्पिटलमा मृत्यु हुँदादेखि पञ्चायती कालरात्रीमा जुलुशमाथि प्रतिबन्ध लागेको बेला १०० जनाको जुलुश पनि ठूलो हुने बेलामा मजदुरहरूको महान चाड मई दिवसको दिन २०४२ बैशाख १९ गते चितवनमा ३० हजारको विशाल शवयात्रा निकालेर राती ९ बजे मध्य तराई उपकेन्द्रको तर्फबाट महान् लेनिनको भनाई सापट लिँदै 'मानिस जव राजनीतिक रूपमा टाट पल्टिन्छ, तब ऊ गुण्डागर्दीमा उत्रिन्छ' भन्ने भनाई राखेर श्रद्धाञ्जली दिएको घटना ऐले जस्तो लाग्छ । जबकि २०७६ साल बैशाख १८ गते ३५ वर्ष पूरा भइसक्नेछ । मित्रमणि समकालीन सहयोद्धा, समर्थक, शुभचिन्तकहरूले त मित्रमणिबारे चितवनमा मुखाग्र थाहा छ । नयाँ पिँढीले पनि मित्रमणिबारे थाहा पाउन जरुरी छ । यो ३५ वर्षमा नारायणीमा धेरै पानी बगिसकेको छ ।

चितवनमा पुरानो सत्ताको विरुद्ध आगो ओकल्ने क्रममा जनयुद्धमा ११० जनाले शहीदको पङ्तीमा आफ्नो नाम लेखाइसक्नु भएको छ । क्रान्तिको यात्रा जारी छ । राज्यद्वारा बेपत्ता पारिएका पार्टीका केही सदस्य दण्डपाणी न्यौपाने, ज्ञानेन्द्र त्रिपाठी लगायत देशभरका झण्डै एक हजार बेपत्ता नागरिकको साथमा मित्रमणिको हत्याको विरोधमा महेन्द्र पुलिस क्लब अगाडिबाट २०४२ बैशाखा २२ गते बेपत्ता पारिनु भएका अखिलका कार्यकर्ता दिलिप चौधरीलगायतको सार्वजनिक हुन जरुरी छ । पुरानो प्रतिक्रियावादी राज्यसत्ताका चाकरहरूबाट त्यो सम्भव छैन भन्ने कुरा प्रमाणित भइसक्यो यो १२ वर्षको अवधिबाट । कथित सहयोद्धा भन्नेहरू नै त हुन् प्रतिक्रियावादी राज्यसत्ताको कुर्सीमा । त्यो कुरा क्रान्तिले मात्र गर्न सक्छ ।

प्यूठानबाट आएर चितवनको माटोमा आफ्नो रक्तसिञ्चित गरेर रक्तबिज जस्तै नौ जवान क्रान्तिकारी उत्पादन गर्न मित्रमणिले आफ्नो जीवनको न्यौछावर गर्नु भएको छ । यसको मूल्य चितवनले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न महत्वपूर्ण भूमिका खेलेर पूरा गर्न सक्छ र गर्नु पर्दछ ।

श्रमप्रति सम्मान व्यक्त गर्ने मित्रमणि आचार्यले श्रमद्वारा जनताको मन जित्ने, जनताको घरमा गएको बेला आफूले खाएको थाल आफैले माझ्ने, चितवनको फाँटमा पार्टी कार्यकर्ता र पेशेवर राजनैतिककर्मीहरूको धान काटेर थन्क्याईदिने तोरी उखेल्ने, देउसी भैलो खेलेर संगठनको कोष खडा गर्ने काममा आफू मात्र नभएर क्याम्पसको एक/डेढ शय विद्यार्थीको नेतृत्व गरेर बिघाका बिघा काम एकै दिनमा सकिने गरेको कुरासँगै काम गरेका सहयोद्धाको मानसपटलमा अझै पनि ताजै छ । मित्रमणिका यिनै गुणबाट सिक्दै नयाँ पिँढीका नेता तथा कार्यकर्ताहरूले बदलिएको सन्दर्भमा जनतासँग जोडिने र एकाकार भएर क्रान्तिको महायात्रामा लामबद्ध भएर अगाडि बढ्न जरूरी छ ।

समाज परिवर्तनको लागि १९९७ देखिका शहीदका गाथाको माला उन्दै, नयाँ जनवाद, समाजवाद, साम्यवादको महासमरको यात्री बनेर मानव जीवनको उत्कृष्ट लक्ष्य प्राप्तिको दिशामा निरन्तर आआफ्नो क्षेत्रबाट अगाडि बढ्नु नै सच्चा क्रान्तिकारीहरूको काँधमा आएको जिम्मेवारी हो । महान् माओले भनेझैँ- 'अध्ययन गर्नु नराम्रो कुरा होइन, त्यो अध्ययन, जागिर खान, ठूलो पद पाउन, पैसा कमाउन र प्रमोशन हुन होइन, जनताको सेवा गर्न हुनुपर्छ ।' भन्ने कुरा कक्षामा सधैँ प्रथम हुने र क्याम्पसमा डिस्टीङ्सन ल्याउन सफल तर आफ्नो पढाई र जीवन समेत देश जनता, पार्टी र क्रान्तिको पक्षमा लगाउने मित्रमणि जस्तै आँट र साहस हामीले गर्न सक्यौं भने मित्रमणिले देखाएको बाटोमा हिँडेको ठहर्छ । शहीद मित्रमणिप्रति श्रद्धासुमन !

## इच्छुक सांस्कृतिक प्रतिष्ठानद्वारा प्रतिभाहरू पुरस्कृत हुँदै



'इच्छुक स्मृति पुरस्कार'तथा ' इच्छुक प्रतिभा पुरस्कार' क्रमशः ओझा र सापकोटालाई, कलातर्फको इच्छुक प्रतिभा पुरस्कार नेपालीलाई र साहित्यतर्फको प्रतिभा पुरस्कार चिलुवाललाई

काठमाडौं नगरपालिका घट्टेकुलोस्थित इच्छुक सांस्कृतिक प्रतिष्ठानले यस वर्षको इच्छुक स्मृति पुरस्कार चितवन निवासी साहित्यकार ईश्वरी ओझा र काभ्रेपलाञ्चोक निवासी साहित्यकार प्रभात सापकोटालाई संयुक्त रूपमा प्रदान गर्ने निर्णय गरेको छ । इच्छुक सांस्कृतिक प्रतिष्ठानका सदस्य सचिव मित्रलाल पंज्ञानीद्वारा हस्ताक्षरित तथा प्रेसित विज्ञप्तिमा उक्त कुरा जनाइएको हो ।

प्रत्येक वर्ष प्रदान गरिने साहित्यकार सहिद कृष्णसेन इच्छुकको नाममा स्थापित यो पुरस्कारको राशि रू १,००,०००।- (एक लाख) रहेको छ । प्रतिष्ठान स्थापित भएदेखि सुयोग्य तथा उदीयमान साहित्यकारलाई उक्त परस्कार प्रदान गरिँदै आएको छ ।

यस वर्षका पुरस्कृत साहित्यकार ओझाका महाकाव्य, खण्डकाव्य, नाटक र कथा संग्रह पुस्तकाकारमा र फुटकर कविताहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित छन् ।

त्यसै गरी सापकोटाका कविता, समालोचना, जीवनी, अनुसन्धान र बालसाहित्य समेत गरी डेढ दर्जनभन्दा बढी कृतिहरू प्रकाशित छन् ।

यसैगरी यस वर्षको कलातर्फको इच्छुक प्रतिभा पुरस्कार मकवानपुर निवासी गीतकार, सङ्गीतकार तथा गायक आरोह नेपालीलाई र साहित्यतर्फको प्रतिभा पुरस्कार कास्की निवासी कवि कल्पना चिलुवाललाई प्रदान गर्ने निर्णय गरिएको छ । यो पुरस्कारको राशि रू २५/२५ हजार रहेको छ ।

## योजना आयोगममा ओली सरकारको निवेदन

काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीको संबोधनपछि सरकारको नीति तथा कार्यक्रम संसदमा छलफलमा ल्याइएसँगै प्रधानमन्त्री केपी शर्मा ओली, सभामुख कृष्णबहादुर महराहुँदै सांसदहरूले आआफ्ना निर्वाचन क्षेत्रमा बजेट पारिदिन अनुनयविनयसँगै राष्ट्रिय योजना आयोगमा निवेदनका चाङ लगाएका छन् । योजना पारिदिन आयोगमा आएका यी निवेदन कार्यान्वयन ओली सरकार आफैले गर्ने हो कि योजना आयोगले यो द्विविधा उत्पन्न हुन गएको छ ।

निवेदनका यी चाङअनुसार योजना पारिदिने वा कार्यक्रमअनुसार योजना वितरण गर्ने भन्नेमा राष्ट्रिय योजना आयोग आफै अलमामा परेको छ । विज्ञहरूका अनुसार संक्रमणकालिन कर्मचारी सरकारले निरन्तरता पाइरहेको र ओलीको सरकार नाम मात्रको र निवेदनकारी तथा आज्ञाकारी मात्र भएको बताइरहेका छन् ।

सरकारी नीति तथा कार्यक्रम पारित भएपछि ओली सरकारले नै बनाएका विकासका योजना र कार्यक्रमहरू देशभर लागू हुने हो । तर चालुवर्षको बजेट खर्चका लागि असार साउनमा काम भयो भनी विनियोजित रकम झ्वाम पार्नका लागि प्रधानमन्त्री र सभामुखदेखि सांसदहरूसम्मले राष्ट्रिय योजना आयोगमा निवेदन हाल्नु भ्रष्टाचार गर्ने पुरानै बानी र परम्परा रहेको अर्थविदहरूको खुला टिप्पणी रहेको छ ।

नेपाली जनताका लागि हालको गणतन्त्र र गणतान्त्रिक सरकारमा पनि यसको निरन्तरता रहनु आश्चर्यको कुरा होइन । तर सबै दोष खेपिरहेका कर्मचारी वृत्तबाटै हुन थालेको केही दह्रो अनुगमनले राष्ट्रिय योजना आयोगका कर्मचारीहरू प्रधानमन्त्रीले भने पनि र सिफरीश अनुरोध गरेपनि त्यसो गर्न संभव नै नहुने बताइरहेका छन् ।

## आलोपालो

# मई दिवस : मजदुर विद्रोह र विजयको दिवस



● दिनेश शर्मा ●

विश्व श्रमिक तथा मजदुर दिवस भव्य रूपमा मनाइएको छ । पुँजीवादको जाँतोमा पिंधिएर १८ घण्टा काम गर्ने मजदुरहरू दिनमा जम्मा ८ घण्टा काम गर्न पाउनु पर्ने माग लिएर सडकमा उत्रिएका थिए । १८ घण्टाबाट मात्र ८ घण्टा काम गर्नुपर्ने कुरा ती पुँजीपतिहरूका लागि निकै आश्चर्यको कुरा थियो । र, उनीहरू यसलाई असंभव पनि बताउँदै आएका थिए । तर मजदुरहरू प्राणको बाजी राखेर यो माग पूरा गराउनतिर लागे । पुँजीपति र मजदुरहरूका बीचमा संघर्ष चर्किएर गयो ।

त्यतिबेलाको मजदुरहरूको संघर्षको केन्द्र अमेरिका नै बनेको थियो । भर्खरै बेलायत, फ्रान्स र अन्य युरोपियन अतिक्रमणकारीहरूको पञ्जाबाट मुक्त भएर पुँजीको विकास गरिरहेको र औद्योगिक पुँजीका रूपमा यसलाई गति दिइरहेका थिए । आन्तरिक रूपमा सामन्तवादी उत्पादन सम्बन्धका बचेखुचेका अबशेषहरू पनि मेट्दै र अन्त्य गर्दै गइरहेका बखत यस्तो खाले मजदुर आन्दोलन बनिरहेको थियो ।

मार्क्सले पुँजीवादले आफ्नै गर्भबाट उसकै चिहान खन्ने मजदुर वा सर्वहारा वर्गलाई जन्माउँछ भने भैं । अमेरिकामा बढ्दै गएको औद्योगीकरण, अति उत्पादन र श्रम शोषणले मजदुरको बिद्रोहलाई निम्त्याउन पुग्यो । १८ घण्टे शोषण पनि कम थिएन ।

यसै बेला सन् १८८४ मा अमेरिकाको सिकागो सहरमा ८ घण्टा काम, ८ घण्टा आराम र ८ घण्टा मनोरञ्जनको माग राखेर मजदुरहरू सडकमा ओर्लिए । उनीहरूको माग त्यहाँको सरकारले सुन्दै सुनेन । आखिर भीषण दमनमा उत्रियो । यो निकै ऐतिहासिक र अद्वीतीय थियो ।

एकातिर मजदुरहरू आठघण्टे श्रमकोमाग गरेर आनदोलनमा उत्रिरहेका थिए भने अर्को तिर विज्ञान तथा प्रविधिको विकासका कारण पुँजीपतिहरूले नयाँ नयाँ र आधुनिक मेसिनहरू जोडेर मजदुरहरूको संख्या घटाउने र फ्याक्ट्रीबाट निकाला गर्ने गरिरहेका थिए । आधुनिक मसिनहरू जडान गरी थोरै र दक्ष मजदुरहरू मात्र छनौट गरेर राख्ने र तलव पनि अलि केही बढी दिने गरेर श्रमिक मजदुरको आन्दोलनलाई पुँजीपतिहरूले मत्थर पार्न निकै प्रयास पनि गरे ।

त्यसपछि मजदुरहरूले मसिन फोड आन्दोलन देशव्यापी रूपमा चलाए । मजदुर र पुँजीपतिको आन्दोलन आमनेसामने हुन गयो । तर सुरक्षा पहरा दिदै र केही समय मजदुमा फाटो पार्दै आनदोलनलाई तलमाथि गराउन पनि कोशिष गरे । तर पनि यो आन्दोलन रोकिएन र अघि बढि नै रह्यो । मसिनफेड आन्दोलनले त्यति सार्थकता पाउन सकेन ।

आन्दोलनले विसाल आकार र गति लिंदै जाँदा मे १ तारेखका दिन मजदुररुको लाखौं जुलुश शिकागो सहरमा भेला भयो । मे २ तारेखमा झनै विसाल भयो । थपिंदै गएर मे ३ तारेखमा अकल्पनीय रूपमा मजदुरहरू अडिग भएर आन्दोलन अघि बढाइरहे । मे ४ तारेखका दिनमा प्रतिक्रियावादी पुँजीवादी घुसपैठ भएर बम बिष्फोट गराइयो । सुरक्षाकर्मीहरूसहित केहीको घटनास्थलमा मृत्यु भयो । र, मजदुरका नेताहरूलाई धरपकड गरियो ।

तीमध्ये चार जना मजदुर नेतालाई झुण्ड्याएर मृत्युदण्ड दिइयो । यसबाट क्रुद्ध मजदुरहरूले खान्दोलनलाई अझै अघि बढाए, तर रोकेनन् । त्यसपछि यो मजदुर आन्दोलनले विश्वव्यापी रूप धारण गर्‍यो । सन् १९८९ मा एंगेल्सको नेतृत्वमा बसेको दोस्रो अन्तर्राष्ट्रियको मिटिङबाट मे १ लाई विश्व मजदुर आन्दोलनका दिवसका रूपमा मनाउने निर्णय गरियो । यसरी मइ दिवस मनाउने परम्पराको सुरु भयो । यो परम्परा कम्युनिष्टहरूले सुरु गरेपनि पछि संयुक्त राष्ट्र संघको आईएलओले यसलाई अनुमोदन गरी पुँजीपतिहरूले पनि यसलाई विश्व श्रमिक आन्दोलन दिवसका रूपमा मनाउन थाले ।

आईएलओले अनुमोदन गरेपछि यसलाई विश्वभरका पुँजीवादी राष्ट्रहरूले पनि अनुमोदन गरे र अपनत्व लिन प्रयास गरेका छन् । तर पनि यो मजदुर दिवस मूलतः मजदुरहरूको र यस अर्थमा कम्युनिष्टहरूको जितको दिवस हो ।

नेपालमा पनि अहिले लामो समयदेखि यो दिवस मनाउँदै आइएको छ । तर नेपालले कहिल्यै पनि औद्योगिक विकासको फड्को मार्न सकेन र मजदुरहरू स्वदेशमा रहेर काम गर्न पाएनन् । अहिले त यो अवस्था निकै विकराल बन्न पुगेको पनि छ ।

नेपालका किसानका छोराछोरीहरू विदेशी श्रमबजारप्रति आकर्षित हुँदै गएका छन् । नेपालले आफूले करीब २६ लाख श्रमिकहरू विदेशमा गएको आँकडा प्रस्तुत गरे पनि अनौपचारिक रूपमा त्यसको ठीक डबल ५२ लाख श्रमिकहरूले विदेशी श्रमबजारमा काम गरिरहेको तथ्यांक जनतामा रहेको छ ।

यसका साथै जति पनि साना ठूला उद्योगहरू नेपालमा छन्, तिनमा उचित पारिश्रमिक पनि दिइको छैन । एक जना मजदुरको न्यूनतम ज्याला २२ हजार हुनु पर्नेमा सरकारले जम्मा १३,४५० मात्र दिने ऐन बनाएको छ । मजदुरहरूको उचित पारिश्रमिकका लागि नयाँखाले संघर्षको उठान जरुरी छ । संसारका मजदुरहरू संघर्षका लागि एक हाऔं भन्ने कुरामा नै मई दिवसको सार्थकता रहेको छ ।

*(१३० औं मई दिवसका सन्दर्भमा व्यक्त विचारको सम्पादित अंश)*





नव वर्ष २०७६ को
उपलक्ष्यमा हाम्रा सम्पूर्ण विद्यार्थी, शिक्षक/शिक्षिका तथा अभिभावकहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
लिखाराम चौधरी
प्रधानाध्यापक (९८४८४४०९६५)
सप्तऋषि मा.वि. परिवार
टीकापुर नगरपालिका- १ कैलाली

नव वर्ष २०७६ को
उपलक्ष्यमा हाम्रा सम्पूर्ण विद्यार्थी, शिक्षक/शिक्षिका तथा अभिभावकहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
शम्भु भट्टराई
प्रधानाध्यापक (९८४८४३३३४९)
राष्ट्रिय माध्यामिक विद्यालय परिवार
टीकापुर नगरपालिका- ५, कैलाली

नव वर्ष २०७६ को
उपलक्ष्यमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
परशुराम चपाई
अध्यक्ष (०९१-५६००५४)
टीकापुर उद्योग वाणिज्य महासंघ परिवार
टीकापुर, कैलाली

नव वर्ष २०७६ को
उपलक्ष्यमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कर्णप्रताप जबरा
प्रोप्राइटर (९८४८४३३७०७)
दिप टायल उद्योग (राणा ईंटा भट्टा) परिवार
टीकापुर नगरपालिका, कैलाली

नव वर्ष २०७६ को
उपलक्ष्यमा देश विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
भुवनेश्वर उपाध्याय
अध्यक्ष
थलारा गाउँपालिका परिवार
बझाङ

जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं
व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?
जन्म, मृत्यु, विवाह, बसाइसराइ र सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।





**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **फोटो**: जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।